# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक १५६ | काठमाडौं | मंगलबार, ११ असोज २०७९ | Prabhab National Daily, | Tuesday, September 27, 2022 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ ।-


सन्दर्भ : वैदेशिक रोजगार

### बेलायती श्रमविज्ञको चेतावनी

## 'नेपाली नर्स बेलायत पठाउने क्रममा आर्थिक शोषण हुनसक्छ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालबाट बेलायतमा नेपाली नर्स पठाउने क्रममा नर्सहरूमाथि आर्थिक शोषण हुनसक्नेतर्फ बेलायती श्रमविज्ञहरूले सचेत गराएका छन् । सुरक्षाका उपायहरू पूरा नभएसम्म कामदार लिने योजना स्थगित गर्नुपर्ने चेतावनीसमेत उनीहरूले बेलायती सरकारलाई दिएका छन् ।

बेलायतको एक प्रतिष्ठित सञ्चारमाध्यम गार्जियनले एक रिपोर्ट प्रकाशित गर्दै नेपालमा रहेका भर्ती एजेन्सीहरूले आकर्षक रोजगारीको प्रलोभनमा पारेर नर्सहरूबाट गैरकानुनीरूपमा

> गार्जियनले एक रिपोर्ट प्रकाशित गर्दै नेपालमा रहेका भर्ती एजेन्सीहरूले आकर्षक रोजगारीको प्रलोभनमा पारेर नर्सहरूबाट गैरकानुनीरूपमा मोटो रकम असुल्नसक्ने जोखिम रहेको औंल्याएको छ ।

मोटो रकम असुल्नसक्ने जोखिम रहेको औंल्याएको छ । जसकारण नर्सहरूलाई ऋणमा डुबाउने र गैरकानुनी शुःल्क लिन बेलायतले बढावा दिएको आरोप लाग्नेसमेत बताइएको छ ।

बेलायतले नेपालबाट आवश्यक स्वास्थ्य जनशक्ति लैजान नेपाल सरकारसँग (जिटुजी) समझदारी गरिसकेको छ । उक्त समझदारीपत्रमा हस्ताक्षर गरेको एक महिना पछाडि गार्जियनले यस्तो रिपोर्ट सार्वजनिक गरेको हो । नेपाल-बेलायत सरकारबीच भएको सम्झौता अनुसार पहिलो वर्ष दुई हजार नर्स पठाउन सकिने भए पनि प्रारम्भिक चरणमा दुईदेखि ३०० सम्म नेपाली नर्सहरूले बेलायत जाने अवसर पाउने छन् । जसअन्तर्गत आगामी पाँच वर्षमा १० हजारभन्दा बढी नर्स रोजगारीका लागि बेलायत जानसक्ने सरकारको प्रक्षेपण रहेको छ ।

दुई मुलुकबीच भएको सम्झौतामा बेलायतमा हजारौं नेपाली नर्सले रोजगारी प्राप्त गर्नसक्ने उल्लेख गर्दै उनीहरूबाट कुनै शुःल्क नलिने प्रस्ट गरिएको छ । यस्तो अवस्थामा पनि अवैधरूपमा रोजगारीको प्रलोभन देखाई कामदार ठग्नने समूह सक्रिय रहेको गार्जियनको रिपोर्टमा उल्लेख छ । रिपोर्टमा नेपालबाट विदेश जाने श्रमिकहरूको अत्यधिक शोषण गर्ने अभ्यास रहेको भन्दै वैदेशिक रोजगारीमा जान चाहने ४० प्रतिशत नेपालीले अवैध एजेण्टको सहयोग लिने गरेको बताइएको छ । जसमा वैदेशिक रोजगारसम्बन्धी खोज गर्ने संस्था सोसल साइन्स बहाको अध्ययनलाई आधार मानेर बेलायतमा फल टिप्न जाने मौसमी नेपाली कामदारबाट पाँच हजार पाउण्ड (झण्डै सात लाख नेपाली रूपैयाँ) सम्म अवैध शुःल्क असुली हुने गरेको ब्युरो अफ इन्भेस्टिगेटिभ जर्नालिज्मको खुलासालाई पनि उल्लेख गरिएको छ ।

रिपोर्टमा यतिबेला काठमाडौंमा सञ्चालित एजेन्सीहरूले बेलायत जान चाहने नर्सहरूलाई काम खोजिदिने र त्यसका लागि पूर्वतयारी गर्न प्रस्ताव राख्न थालेको जनाइएको छ । त्यस्ता एजेन्सीहरूले उनीहरूका लागि आवेदनपत्रसहितका परामर्श सेवाका लागि विभिन्न अफरसहित फेसबुकमार्फत विज्ञापन गर्न थालेको बताइएको छ ।

त्यस्तै अवैधरूपमा हुने आर्थिक शोषणका अलावा बेलायतमा नेपाली स्वास्थ्यकर्मी लैजाँदा नेपालमा जनशक्ति अभाव हुने भन्दै अवाज उठिसकेको रिपोर्टमा जनाइएको छ । जनसंख्याको हिसावले नेपालमा प्रति १० हजार जनसंख्या बराबर २१ नर्सले सेवा दिइरहेका छन् (**बाँकी पृष्ठ ३ मा**)

# समानुपातिकको बन्दसूची मिलेन फेरि पठाउन पत्राचार

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रतिनिधिसभा अन्तर्गत समानुपातिकतर्फको निर्वाचनमा भाग लिनका लागि ४८ वटै दलले पेस गरेको बन्दसूची नमिलेको पाइएको छ । निर्वाचन आयोगका अनुसार सबै राजनीतिक दलले पेस गरेको बन्दसूची कानुनी व्यवस्थाअनुसार मिलेको छैन । दलहरूले बुझाएको बन्दसूची नमिलेपछि आयोगले कानुनी व्यवस्था अनुसार सच्याउन भन्दै दलहरूलाई पत्राचार गरेको छ ।

राजनीतिक दलले बुझाएको बन्दसूचीमा कुनैको समावेशी समूह नमिलेको, कुनैको बन्दसूचीमा परेका उम्मेदवारको मञ्जुरीनामा पेस नभएको, कुनैमा मतदाता नामावलीको नाम र बन्दसूचीमा पेस भएको नाम नमिलेको र कुनै दलको बन्दसूची पेस गरेका उम्मेदवारको स्वघोषणा पेस नभएको आयोगले जनाएको छ ।

सातवटै प्रदेशमा २३७ दलले बन्दसूची पेस गरेकोमा २१३ दलले पेस गरेको बन्दसूची कानुनअनुसार नमिलेकाले पत्राचार गरिएको आयोगले जानकारी दिएको छ । आयोगका अनुसार प्रदेश १ मा ३३ दल, मधेस प्रदेशमा ३४ दल, बागमती प्रदेशमा ३७ दल, गण्डकी प्रदेशका २३ दल, लुम्बिनी प्रदेशका ३० दल, कर्णाली प्रदेशका २७ दल र सुदूरपश्चिम प्रदेशका २९ दलले पेस गरेको बन्दसूची नमिलेको हो ।

आयोगका अनुसार प्रदेश १ मा दर्ता भएकोमा तीन दल, मधेस प्रदेशमा दुई दल, बागमती प्रदेशमा सात दल, गण्डकी प्रदेशमा आठ दल, लुम्बिनीमा दुई दल, कर्णालीमा एक दल र सुदूरपश्चिममा पाँच दलले मात्रै बन्दसूची कानुनअनुसार पेस गरेका छन् । समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यतालिका अनुसार सोमबारदेखि असोज १६ गतेसम्म राजनीतिक दलले उम्मेदवारको बन्दसूची संशोधन गरेर पेस गर्ने कार्यतालिका छ ।

आयोग स्रोतका अनुसार छ वटा राष्ट्रिय दललाई १४ गतेभित्र समानुपातिक बन्दसूची सच्याइसक्न भनिएको छ । अन्य दलहरूलाई १६ गतेसम्म (**बाँकी पृष्ठ ३ मा**)

> राजनीतिक दलले बुझाएको बन्दसूचीमा समावेशी समूह नमिलेको, बन्दसूचीमा परेका उम्मेदवारको मञ्जुरीनामा पेस नभएको, मतदाता नामावलीको नाम र बन्दसूचीमा पेस भएको नाम नमिलेको र कुनै दलको बन्दसूची पेस गरेका उम्मेदवारको स्वघोषणा पेस नभएको आयोगको भनाइ छ ।

### शैक्षिक गन्तव्यका रूपमा विकास हुँदै 'रामतुलसी'

(विस्तृत पृष्ठ ४ मा)

## दसैंमा २० लाखले उपत्यका छोड्ने

**काठमाडौं (प्रस)–** बडा दसैंमा काठमाडौं उपत्यकाबाट आ-आफ्नो स्थायी घर फर्कने यात्रुको संख्या ह्वात्तै बढेको छ । अहिले दैनिकरूपमा नागढुंगा, साँगाभञ्ज्याङ, मुड्खु र फर्पिङ हुँदै उपत्यका छोड्नेको संख्या दैनिक ५० हजारभन्दा माथि रहेको छ । यसपटक दसैंमा करिब २० लाख व्यक्ति उपत्यकाबाट बाहिर जाने अनुमान गरिएको महानगरीय ट्राफिक कार्यालयका प्रवक्ता राजेन्द्रप्रसाद भट्टले बताए ।

अघिल्लो दुई आर्थिक वर्षमा कोरानालगायत कारणले दसैंका बेला पनि उपत्यकाबाट बाहिर जानेको संख्या न्यून थियो । तीन वर्षअघि काठमाडौं उपत्यकाबाट दसैंका अवसरमा घर फर्कनेको संख्या २० लाखको हाराहारीमा रहेको तथ्यांक छ ।

दसैंमा घर जाने यात्रुलाई सहजीकरण गर्न ट्राफिक प्रहरीले गोंगबु, चाबहिल, कोटेश्वर, कलंकीलगायत उपत्यकाका १४ यात्रु सहायता कक्ष स्थापना गरेको छ । यातायात व्यवस्था कार्यालय, यातायात व्यवसायी र ट्राफिक प्रहरी सवारीको समन्वयमा स्थापना गरिएका त्यस्ता कक्षबाट गन्तव्यस्थल जान सवारीसाधन नपाउने तथा विभिन्न कारणले अप्ठ्यारोमा परेका यात्रुलाई सहजीकरण गर्नेछ ।

सवारी चाप र भीडभाडका कारण हुनसक्ने चोरी र पाकेटमार नियन्त्रण, क्षमताभन्दा बढी चढाउने सवारीसाधनलाई कारबाही गर्न सादा पोसाकमा पनि प्रहरी खटिने प्रवक्ता भट्टले जानकारी दिए ।

महानगरीय ट्राफिक प्रहरी कार्यालयले (**बाँकी पृष्ठ ३ मा**)





१६ औं वर्षमा प्रवेश




Ever Permeating and Pervading to New Scale of Height of Prosperity

१५औं वर्ष पूरा गरी १६औं वर्ष प्रवेशको सुखद् अवसरमा जस्तोसुकै प्रतिकूलताका बीच पनि बैंक परिवार यहाँहरूको सेवामा सदा झैं कटिबद्ध रहने सविनय अनुरोध गर्न चाहन्छौं ।


साथै

आजको विषम परिस्थितिमा पनि विगतका प्रगति एवं उपलब्धिको गतिलाई निरन्तरता दिन यस संस्थालाई हरदम सहयोग गर्ने, सद्भावना र सदाशयता राख्ने आदरणीय ग्राहकवर्ग, विभिन्न संघ संस्थाहरू, नियामक निकाय, सञ्चार जगत्, कर्मचारी वर्ग लगायत शुभेच्छुक सबैमा हार्दिक आभार प्रकट गर्दछौं ।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड








भक्तपुरको तमारीमा जमरा राख्न गमला किन्दै स्थानीय बासिन्दा। प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदाको दिन नयाँ गमलामा जमरा राख्ने परम्परा छ।

*तस्बिरः लक्ष्मी गारु/रासस*

# घटस्थापनासँगै सुरु भयो बडादसैं



■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदिक सनातन धर्मावलम्बी नेपालीले घर-घरमा घटस्थापनासहित जमरा राखी नवदुर्गाको पूजा आराधना गरेसँगै बडा दसैं सुरु भएको छ। प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदाका दिन घटस्थापना गरेपछि हिन्दूहरूको महान् पर्व बडा दसैं सुरु हुन्छ। सोमबार बिहान १०:२३ बजेको शुभ साइतमा घटस्थापना गरी दसैं घर वा पूजा कोठामा जौ रोपेर जमरा राखेपछि बडा दसैं सुरु भएको हो। यो पर्व आश्विन शुक्ल पूर्णिमासम्म १५ दिन धूमधामका साथ मनाउने गरिन्छ। यो १५ दिनको समयलाई दुर्गा पक्ष पनि भनिन्छ।

बडा दसैंको पहिलो दिन आज घर घरमा विधिपूर्वक दियो, कलश र गणेश स्थापनासहित घटस्थापना गरिएको छ। पूजा कोठा वा दसैं घरमा वैदिक विधिपूर्वक शक्तिकी अधिष्ठात्री देवी दुर्गाको आह्वान गरी पूजा आरम्भ भएको छ। पूजा कोठा वा दसैं घरमा नवरात्रभर दुर्गा देवीको आरधना गरिन्छ।

जौको अंकुर दुर्गा देवीको प्रिय वस्तु भएकाले घटस्थापनाका दिन यव रोपण गरी दुर्गालाई चढाएर विजया दशमीको दिन टीका प्रसादसँगै समृद्धिको प्रतीक पहेँलो जमरा पनि लगाइन्छ। जमरामा जौबाहेक अरु अन्न रोप्ने शास्त्रीय विधि नभएको धर्मशास्त्रविद् प्रा.डा. रामचन्द्र गौतमले बताए। कुल परम्पराअनुसार कसैले अन्य अन्न पनि जौसितै रोप्ने गरेका छन्। जमरालाई आयुर्वेदिक औषधिका रूपमासमेत प्रयोग गरिन्छ।

दुर्गा देवीका तीनवटा रूप महाकाली, महालक्ष्मी र महासरस्वतीको नवरात्रभर विधिपूर्वक आह्वान गरी पूजा आराधना गरिन्छ। महाकाली शक्तिको प्रतीक, महालक्ष्मी धनधान्य र ऐश्वर्यको प्रतीक र महासरस्वतीलाई विद्या र बुद्धिको प्रतीकको रूपमा पूजा आराधना गर्ने वैदिककालदेखिको परम्परा छ।

दुर्गाले आसुरी प्रवृत्तिको प्रतीकको रूपमा रहेका चण्ड, मुण्ड, शुम्भ, निशुम्भ र रक्तबीजलगायत राक्षसलाई वध गर्न लिएका नौवटा रूपको दुर्गा पक्षका अवसरमा विशेष पूजा, आजा र आराधना गर्ने गरिन्छ।

**पहिलो दिन शैलपुत्री देवीको पूजा आराधना**

दुर्गा पक्षको पहिलो दिन सोमबार शैलपुत्रीको आह्वानसहित विशेष पूजा गरिएको छ। दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा, पाँचौं दिन स्कन्दमाता, छैटौं दिन कात्यायनी, सातौं दिन कालरात्री, आठौं दिन महागौरी, र नवौं दिन सिद्धिदात्रीको पूजा आराधना गर्ने गरिन्छ। यीनै नौवटा दुर्गाका रूपलाई नवदुर्गा पनि भन्ने गरिन्छ।

आसुरी एवं राक्षसी प्रवृत्तिबाट मानवलाई जोगाएकाले समस्त मानव जातिले नै दुर्गादेवीको पूजा आराधना गर्ने शास्त्रीय नियम छ। दुर्गा पूजा र दसैं पर्व कुनै जात एवं धर्म विशेषको नभएको शास्त्रीय प्रमाण रहेको धर्मशास्त्रविद् गौतम बताउँछन्। दसैं पर्वलाई असत्यमाथि सत्य र आसुरी शक्तिमाथि दैवी शक्तिको विजयको प्रतीकका रूपमा मनाउने गरिन्छ।

नवरात्रभर दुर्गा सप्तशती चण्डी, श्रीमद्देवीभागवत र अन्य देवी स्तोत्र एवं स्तुतिहरूको पाठ पारायण पनि गर्ने गरिन्छ। यस अवसरमा गुह्येश्वरी, नक्साल भगवती, शोभा भगवती, नाला भगवती र पलाञ्चोक भगवतीलगायत देशभरका शक्तिपीठमा पूजा आराधना एवं दर्शन गर्ने भक्तजनको भीडसमेत लाग्ने गर्छ।

# सुर्तीजन्य पदार्थको कभरमा ९० प्रतिशत चेतनामूलक सन्देश

**काठमाडौं–** सुर्तीजन्य पदार्थबाट बनेका चुरोट खैनीलगायतको बट्टा ९० प्रतिशत चेतनामूलक सन्देश र घातक रंगीन चित्र छाप्नुपर्ने अनिवार्य भएको छ। सरकारले 'सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट, र्‍यापर्स, पेटी तथा पार्सल प्याकेजिङमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशका २०७१' र 'सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) ऐन, २०७६' दुवै कानुनमा ९० प्रतिशत भागमा चेतनामूलक र सन्देशमूलक सामग्री राख्नुपर्ने उल्लेख छ।

सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) ऐन २०७६ को दफा ९ मा उत्पादकले सुर्तीजन्य पदार्थको बट्टा, र्‍यापर्स, प्याकेट तथा पार्सलको प्याकेनिङ र लेबलको बाहिर कूल भागमध्ये कम्तीमा ९० प्रतिशत भागमा सुर्तीजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ भन्नेजस्ता व्यहोराको मन्त्रालयले तोकेबमोजिम चेतावनीमूलक सन्देश र सुर्तीजन्य पदार्थको सेवनको असरबाट भएको घातक, रंगीन चित्र प्रस्टरूपमा बुझ्ने र देख्नेगरी नेपाली भाषामा छाप्नु तथा अंकित गर्नुपर्ने उल्लेख छ।

निर्देशिकामा दफा ४ मा चुरोटको बट्टा, प्याकेट र र्‍यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडि ९० प्रतिशत चेतनामूलक सन्देश र घातक रंगीन चित्र राख्नुपर्ने अनिवार्य व्यवस्था रहेको थियो। चुरोटको बट्टा, प्याकेट र र्‍यापर्समा मुख्य भागमा ७० प्रतिशत चित्र र २० प्रतिशत चेतनामूलक सन्देश राख्ने निर्देशिकामा उल्लेख गरिएको थियो। तर, उत्पादक कम्पनीले सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) ऐन २०६८ अनुसार नै बट्टामा ७५ प्रतिशत मात्र चेतनामूलक र घातक रंगीन चित्र राखी पछिल्लो निर्देशिका र ऐनअनुसार ९० प्रतिशत चेतनामूलक र घातक चित्र राखेका थिएनन्। सर्वोच्च अदालतले सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) ऐन २०७६ र निर्देशिका २०७१ अनुसार ९० प्रतिशत चेतनामूलक र रंगीन चित्र कार्यन्वयनमा आउनुपर्ने आदेश दिएपछि अब अनिवार्य रूपमा कार्यन्वयनमा जानुपर्ने भएको छ।

२०७२ जेठ १ गतेदेखि निर्देशिका र ऐनअनुसार ९० प्रतिशत चेतनामूलक र रंगीन चित्र कार्यान्वयनमा आउनुपर्ने उत्पादकले कार्यान्वयन नगरेपछि बाध्य भएर सर्वोच्च अदालतलेमा रिट दायर गर्नुपरेको थियो। सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) ऐन २०६८ को दफा ९ मा कूल भागको ७५ प्रतिशत भागमा सुर्तीजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ भन्ने चेतनामूलक सन्देश र सुर्तीजन्य पदार्थको सेवनको असरबाट भएको घातक, रंगीन चित्र प्रस्टरूपमा बुझ्ने र लेख्नेगरी नेपाली भाषामा छाप्नुपर्ने उल्लेख छ।

सुर्तीजन्य पदार्थमा ७५ प्रतिशत मात्र चेतनामूलक र घातक चित्र राखेर मानिसमा चुरोट सेवन गर्ने घटेको पाइएको थियो। एक्सन नेपालले गरेको एक अध्ययनले ५५ प्रतिशत चुरोट सेवन गर्नेमा कमी आएको बताइएको छ। राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्रका वरिष्ठ स्वास्थ्य शिक्षा प्रशासक डा. भक्त केसीले चुरोटको बट्टा, प्याकेट र र्‍यापर्सको बाहिरी भागमा ९० प्रतिशत चेतनामूलक र घातक चित्र अंकित भए मानिसले चुरोट सेवनमा कमी आउने बताए।

'विभिन्न अध्ययन अनुसन्धानले पनि जति ठूलो चुरोटमा घातक चित्र भयो। त्यति नै मानिस डराएर सुर्तीजन्य पदार्थको सेवन गर्दैनन् भन्ने पुष्टि भएको छ,' उनले भने, 'अब हामीले पनि सुर्तीजन्य पदार्थमा ९० प्रतिशत चेतनामूलक र घातक चित्र राख्नेबित्तिकै मानिसले सेवन गर्न छाड्ने छन्।' उनले सर्वोच्च अदालतको पूर्ण आदेश आएपछि सुर्तीजन्य पदार्थको उत्पादक कम्पनीलाई पत्र लेखेर चुरोट, खैनी जस्तोको बट्टामा ९० प्रतिशत चेतनामूलक र घातक चित्र राख्ने निर्देशन दिने बताए।

नेपालमा सुर्तीजन्य सेवनबाट वार्षिक करिव २७ हजार मानिसको मृत्यु हुने गरेको पाइएको छ। जुन संख्या नेपालको जम्मा मृत्युको करिब १५ प्रतिशत हो। विश्वमा वार्षिक ८० लाख मानिसको मृत्यु सुर्तीजन्य पदार्थको सेवनको कारण हुन्छ। जसमध्ये ७० लाख प्रत्यक्ष सुर्तीजन्य पदार्थको सेवन र १२ लाखसँगै बस्नेले खाएको चुरोटको धुवाँको असरका कारणले मृत्यु हुने तथ्यांकले देखाएको छ। सुर्तीजन्य पदार्थको सेवनले क्यान्सर, मुटुरोग, दीर्घ श्वासप्रश्वाससम्बन्धी रोग र मधुमेह रोग लाग्ने गर्दछ।

**चुरोट सेवन गर्नेमा बढी हृदयघात**

चुरोट पिउने मानिसमा हृदयघात हुने सम्भावना बढी हुने गरेको गंगालाल हृदय राष्ट्रिय केन्द्रका निर्देशक डा. चन्द्रमणि अधिकारी बताउँछन्। युवामा चुरोट सेवन गर्ने क्रम बढेको पाइन्छ। हृदयघात भएकामध्ये ६५ प्रतिशत चुरोट सेवन गर्नेहरू हुन्छन्। तीमध्ये ४० वर्ष उमेर समूहका व्यक्ति धेरै रहेको उनको भनाइ छ। उनका अनुसार ४० वर्षभन्दा कम उमेरको व्यक्तिले चुरोट सेवन गर्छ भने उसलाई हृदयघात हुने सम्भावना नखानेको तुलनामा आठ गुणाले बढी हुने गर्दछ। *रासस*

# नवदुर्गाको विशेष पूजा सुरु

**काठमाडौं (प्रस)–** हनुमानढोका दरबारमा रहेको दसैं घरमा सोमबार वैदिक विधिअनुसार जमरा राखी शक्तिस्वरुपा दुर्गा देवीको पूजा आराधना सुरु भएको छ। नेपाल पञ्चांग निर्णायक विकास समितिले दिएको बिहान १०:२३ बजे को साइतमा घटस्थापना गरी जमरा राखेर विधिवत् रूपमा नवदुर्गाका पूजा आराधना सुरु भएको हनुमानढोका दरबार हेरचाह अड्डाका प्रमुख सन्दीप खनालले जानकारी दिए।

दसैंघरमा घटस्थापनापछि दैनिक बलि दिई विधिपूर्वक पूजा आराधना सुरु भएको छ। घटस्थापनाका अवसरमा शार्दुलजंग गुल्मका सैनिकले बडाइँ गरेको उनले सुनाए। गुल्ममा पनि घटस्थापनासहित जमरा राखिएको छ। यस अवसरमा मंगलिनीले मंगल धुन पनि गाएका थिए। यो क्रम महानवमीका दिनसम्म जारी रहने जनाइएको छ।


**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६८/०६/०१ मा दर्ता भएको **प्रा.लि. नं. ८६५७५ को आदर्श हेल्थ एण्ड एजुकेशन प्रा.लि.** को मिति २०७९/०६/०१ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ।

**लिक्विडेटर: चक्र बहादुर थापा, इजाजतपत्र नं. ४५९**
**ठेगाना : अनामनगर-२९, काठमाडौं, फोन नं. ९८५१०८२१५५**



## फालेलुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## (जिन्सी उपशाखा)
## थोक्लिम्बा, पाँचथर
## १ नं. प्रदेश, नेपाल

**विधाथीको ड्रेसको कपडा आपूर्ति सम्बन्धि सिलबन्दी बोलपत्र आव्हानको सूचना।**

**प्रथम पटक प्रकाशित सूचना मिति: २०७९/०६/११**

यस कार्यालयको चालु आ.व. २०७९/०८० को लागि निम्न बमोजिमको सामाग्री आपूर्ति गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा ११ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम खरिद गर्नुपर्ने भएकोले ईच्छुक उत्पादक कम्पनी तथा अधिकृत बिक्रेता/सप्लायर्स फर्महरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल:**

१. ईच्छुक उत्पादक कम्पनी वा त्यसको अधिकृत बिक्रेता/सप्लायर्सहरुले इजाजत-पत्र, स्था.ले.नं./आयकर/भ्याट दर्ता (कपडा सम्बन्धी कारोबार उल्लेख हुनुपर्ने), र आ.व. २०७८/०७९ को कर चुक्ताको म्याद थपको प्रमाणपत्रहरुको प्रतिलिपीहरु समावेश गरि निवेदन दिई दस्तुर बोलपत्रको रु.३०००।- (तीन हजार मात्र) प्राईम कमर्शियल बैंक फालेलुङ शाखाको कोड नं. GA.1.1 ANTARIK RAJSWA A/C PHALELUNG GA.PA. (07300312CA) मा पछि फिर्ता नहुने गरि दाखिला गरेर यस कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ।

२. यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) औं दिनसम्ममा कार्यालय समयभित्र बोलपत्र खरिद गरि ३१ (एकतीस) दिनको १२ .०० बजेभित्र यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ। सो दिन सार्वजनिक विदा परेमा सम्पूर्ण कार्यहरु सोको भोलिपल्ट हुनेछ।

३. सिलबन्दी बोलपत्र पेश गर्दा प्रस्तावदाताको ग्राह्यता सम्बन्धी आधार प्रमाणित गर्ने सम्पूर्ण कागजातहरुको नोटरी प्रमाणित प्रतिलिपी समेत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

४. सिलबन्दी बोलपत्र फाराम राखिएको खाम बाहिर कार्यालयको नाम, कामको विवरण र ठेक्का नं. समेत लेखी सिलबन्दी लाहाछाप गरिएको हुनुपर्नेछ।

५. यसरी दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरु ३१ औं दिनको सोहि दिन २.०० बजे कार्यालयको प्रतिनिधिहरु र बोलपत्रदाताहरुको रोहवरमा खोलिनेछ। बोलपत्रदाताहरु अनुपस्थित रहेमा पनि सिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन।

६. सिलबन्दी बोलपत्र पेश गर्नेले धरौटी रकम वापत यस कार्यालयको नाममा फालेलुङ स्थित प्राईम कमर्शियल बैंक लिमिटेड कोड नं. GA.3 DHARAUTI PHALELUNG GA.PA (07300321CA) मा दाखिला गरेको सक्कलै बैंकभौचर वा यस कार्यालयको नाममा नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट बोलपत्रको १२० (एकसय बीस) दिनको मान्य अवधि रहने गरी जारी भएको बैंक जमानत (बैंक ग्यारेण्टी) पेश गर्नुपर्नेछ। धरौटी रकम नगद जम्मा गर्नेको नाममा अनिवार्य रुपमा कम्पनि वा फर्मको नाम लेख्नुपर्नेछ र कुनै व्यक्तिको नाममा जम्मा भएको धरौटी मान्य हुनेछैन।

७. सिलबन्दी बोलपत्र स्वीकृतीको जानकारी भएपछि स्वीकृत बोलपत्रदाताले खरिद सम्झौता गर्दा कबोल गरेको अङ्कको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० बमोजिम हुन आउने धरौटी रकम वा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त बैंकले जारी गरेको कार्य सम्पादन जमानत पेश गरी स्वीकृत भएको १५ (पन्ध्र) दिन भित्र सम्झौताको लागि कार्यालयमा उपस्थित हुनुपर्नेछ।

८. सिलबन्दी बोलपत्रमा उल्लेखित परिमाणको सामाग्री आपूर्ति गर्ने प्रयोजनार्थः गाउँ कार्यपालिकाको कार्यालय, थोक्लिम्बा,पाँचथरको सम्बन्धित साईट सम्म ढुवानी गर्नुपर्नेछ।

९. कबोल रकम उल्लेख गर्दा तोकिए बमोजिम लेख्नुपर्नेछ। अङ्क र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

१०. कुनै शर्त राखी पेश गरिएको सिलबन्दी बोलपत्र स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ।

११. सूचनाको शर्त विपरित भएको कार्यालयबाट उपलब्ध गराएको बोलपत्र फाराममा कुनै थपघट गरिएको रीत, नपुगेको म्याद नाघी पेश हुन आएको बोलपत्र उपर कारवाही गरिनेछैन।

१२. सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्यको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ।थप बुझ्नु परेमा सम्पर्क नं. ९८५२६८४१०६ मा सम्पर्क राख्न सक्नुहुनेछ।

१३. खरिद गरिने सामाग्री आपूर्तिको स्पेशिफिकेशन सम्बन्धी विवरण बिड डकुमेन्टमा संलग्न राखिनेछ।

१४. उल्लेखित सूचनामा आवश्यक कुराहरु संशोधन गर्नुपर्ने भएमा कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ।

**निम्न**

| ठेक्का नं. | कामको विवरण | धरौटी रकम रु. | दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|
| PRM/SCS/NCB/G-2079/080/01 | विधार्थीको ड्रेसको कपडा आपूर्ति | ५५,०००।- | ३,०००।- | |

**प्रमुख प्रशासकीय अधिकृत**

# गाउँघरमा देखिन छाडे रातो माटो र कमेराको भित्ता

■ राजु चापागाईं

**कावासोती–** देवचुली-१५ कि सीतादेवी पौडेल अहिले ६० वर्षकी भइन् । उनको जीवनकालमा ५० वटाभन्दा धेरै दसैँको प्रत्यक्ष अनुभव छ तर पछिल्ला १०/१२ वटा दसैँ भने सीतादेवीलाई दसैँ जस्तो लागेको छैन । करिब १२ वर्षअघि माटोको घर भत्काएर कङ्क्रिट र सिमेन्टबाट नयाँ घर बनाएपछि रातो माटो र कमेरोले घर लितपोत गर्नु त परैजाओस् तिनलाई देख्नसमेत नपाएको उनी बताउँछन् ।

'जति नै दुःख भए पनि घटस्थापना आउनुभन्दा पहेँलै अघिदेखिनै पहेँलो र रातो माटो तथा कमेरो ल्याएर घर चिटिक्क पार्दा दसैँ आए झैँ लाग्थ्यो तर अहिले सुख भए पनि दसैँ जस्तो लाग्दैन', सीतादेवीको भनाइ छ । उनीजस्तै रातो माटो र कमेरोले पोतेका घर नदेख्दा ७० काटेकी हुप्सेकोट-३ कि खगिसरा काफ्ले पनि आजकलको दसैँ खल्लो लाग्ने गरेको बताउँछिन् । 'जमानाअनुसार चल्नैपर्ने केके हो केके रङ लगाएर घर त रंग्याइन्छ तर रातो माटो र कमेरो जस्तो हुँदोरहेनछ', उनी भन्छिन् ।

विगतमा दसैँ र तिहारका समयमा रातोमाटो र कमेरोले घर रंग्याउने प्रचलन हराउँदै गएको छ । विशेषगरी परम्परागत शैलीका ढुंगा, माटो तथा काठ प्रयोग गरी बनाइएका घरमा ती सामग्रीको प्रयोग हुने गर्दथ्यो । पछिल्लो समय आधुनिकतासँगै सिमेन्टको प्रयोग हुन थालेपछि ती वस्तुको प्रचलन हराउँदै गएको हो । पितृपक्ष सकिए लगत्तै घटस्थापनादेखि दसैँ सुरु हुन्छ । दसैँ सुरु हुनासाथ सबैभन्दा पहिले आफ्नो घर, आँगन सफा गर्ने तथा रंग्रोगन गर्ने चलन थियो ।



घटस्थापनाका दिन जमरा राख्नुपूर्व घरलाई रातो माटो र कमेरोले चिटिक्क पारेर लितपोत गरी घरलाई चोखो पारेर जमरा राख्ने गरिन्थ्यो तर पछिल्ला केही वर्षयता गाउँ घरतिर पनि कङ्क्रिट तथा सिमेन्टको घर बन्नेक्रम बढेपछि रातो माटो र कमेरोले लिपेका घर देख्न छोडेको छ ।

केही वर्ष पहिले महाराजा सामुदायिक वनमा रहेको रातो माटोको डाँडामा दसैँ आउनु अगाडिदेखि नै रातो माटो लिन आउनेको भीड लाग्थ्यो तर पछिल्ला केही वर्षदेखि रातो माटो लिन आउने मान्छे औँलामा गन्न सकिने पुगेका सामुदायिक वनका हेरालु गणेश चन्द बताउँछन् । आधुनिकता सँगसँगै विकासको लहर गाउँमा पसेपछि रातो माटो र कमेरोले लिपेका घर आजकल निक्कै कम देखिन्छन् ।

कङ्क्रिट र सिमेन्टको घरमा बजारबाट कृत्रिम रङ ल्याएर घर रंग्याउने चलन बढेसँगै रातो माटो र कमेराले घर पोत्ने चलन हराउँदै जान लागेको पण्डित रिमप्रसाद आचार्य बताउँछन् । कुनै बेला दसैँ आउनु पहिलै रातो माटोले घर लितपोत गरेर चिटिक्क पार्ने, बाबियोको डोरीको लिंगे पिङ बनाउने, सबै मिलेर गाउँका बाटाघाटा र मठमन्दिर सफाइ गर्ने गरिन्थ्यो तर आजकाल आधुनिकताका नाम यस्ता चलन हराउँदै गएको र समाज साघुँरिदै गएको उनको भनाइ छ ।

'केही वर्षअघि घरमा रातो माटो र कमेरोले लितपोत गर्नु दसैँ तिहारसँगै जोएिको संस्कृतिको अर्को पाटो जस्तै बनेको थियो', पण्डित आचार्य भन्छन्, 'आधुनिकतासँगै विगतका प्रचलन हराउँदै गएपछि अहिलेको पुस्तालाई भने ती कुरा इतिहास जस्तै बन्ने गरेका छन् ।'

त्यति मात्रै होइन दसैँ आएसँगै दसैँका लागि आवश्यक चिउरा, चामल, तेल गाउँकै ढिँकी, जाँतो र कोलमा कुटानीपिसानी गर्ने चलन थियो । बढ्दो आधुनिकता र प्रविधिका कारण गाउँ घरमा अहिले ढिकीजाँतो र कोल पनि हराउँदै गएका छन् । चाडबाडका बेला सुनिने ढिकीजाँतो र कोलको आवाज सुनिन छाडेको छ ।

आधुनिकता र प्रविधिको बढ्दो प्रयोग र विकाससँगै दसैँ, तिहारलगायत चाडपर्वको मौलिकता घट्दै गएको छ । दसैँलगायतका चाडपर्व सुरु हुनु अगाडि रातो माटो, कमेराले घर आँगन लितपोत गरेर रंगाउने र लिंगेपिङ हाल्ने, चलन हराउँदै जाँदा चाडपर्व खानपान र आधुनिकताको रमाइलोमा मात्रै सीमित हुँदै गएकामा संस्कृतिविद्ले चिन्ता व्यक्त गरेका छन् । *रासस*

# 'कुनै पनि नागरिक नागरिकताबाट वञ्चित हुनु हुँदैन'

■ प्रभाव संवाददाता

**रूपन्देही–** गृहमन्त्री बालकृष्ण खाँणले संविधानले गरेका व्यवस्थाको कार्यान्वयन भएमात्रै समाजमा सुशासन कायम हुने बताएका छन् ।



रिपोर्टर्स् क्लब नेपाल लुम्बिनीको पाँचौं स्थापना दिवसका अवसरमा बुटवलमा आयोजित स्मारिका विमोचन तथा सम्मान कार्यक्रममा उनले संविधानको पालना नभए सुशासन नहुने बताए । उनले संविधानप्रति प्रतिबद्धता जनाएर सुशासनको पालना गर्न सुझाव दिए ।

गृहमन्त्री खाणले नागरिकता सम्बन्धि संविधानमै उल्लेख भएकाले कुनै पनि नागरिक नागरिकताबाट बञ्चित हुन नहुने जनाउँदै सरकारले नागरिकता विधेयक तयार गरेको उल्लेख गरे । उनले नागरिकता नहुँदा एउटा सिमकार्ड किन्नसमेत समस्या आएकोले नागरिकलाई अधिकार विहिन बनाउन नहुने उनको धारणा छ ।

आन्तरिक मामिला, कानुन तथा सञ्चारमन्त्री तिलकराम शर्माले संघीयता कार्यान्वयनमा गठबन्धन सरकारको भूमिका राम्रो हुन नसकेको जनाए । उनले अहिले पनि बहुमतको सरकार असम्भव जस्तो भएको अवस्थामा अब आउने नयाँ सरकारले यस बारेमा गम्भिर हुन आवश्यक भएको बताए ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सचिव चन्द्रप्रकाश खनालले राजनीतिलाई सहीदिशा दिने काम संचारको भएको बताए । संचारले नै सहि भूमिका खेल्नसक्ने हुनाले सञ्चारकर्मी यसप्रति सचेत हुन उनले आग्रह गरे । आन्तरिक मामिला, कानुन तथा सञ्चार मन्त्रालयका सचिव कोमलप्रसाद धमलाले सुशासन आफैँमा राम्रो शब्द भए पनि विश्लेषकले सुशासनको अवस्था राम्रो नभएको बताए ।

सुशासनले नै अधिकारको संरक्षण गर्ने हुनाले सबै एकजुट भई अगाडि बढ्नुपर्ने बताए । राष्ट्रिय समाचार समितिका पूर्वध्यक्ष बालकृष्ण चापागाईंले सञ्चारमाध्यमले सरकार र सरकारको नेतृत्वमा रहेका व्यक्तिले गरेका कामको खोजमूलक समाचार लेख्न आग्रह गरे । रिपोर्टर्स् क्लब नेपालका अध्यक्ष ऋषि धमलाले गणतन्त्र र संघीयतालाई अघि बढाउन क्लबले मिसन पत्रकारिता गरेको बताए । प्रदेश अध्यक्ष रामकुमार क्षेत्रीले सबैको साझा मञ्चका रूपमा क्लबलाई उभ्याउने कोशिस गरिहरहेको बताए ।

# करेन्टले लियो ज्यान

**कञ्चनपुर (प्रस)–** पुनर्वास नगरपालिका-५ बस्ने ३४ वर्षीय बलबहादुर बोहराको आइतबार करेन्ट लागेर मृत्यु भएको छ । सोही ठाउँस्थित थापा पावरोटी फ्याक्ट्रीमा काम गर्ने क्रममा करेन्ट लागेर बेहोस भएका उनको मायामेट्रो अस्पताल धनगढीमा उपचारको क्रममा मृत्यु भएको हो ।

बर्दिया, राजापुर नगरपालिका-८ भोगपुर बस्ने ३२ वर्षीया अस्माली थारुको करेन्ट लागेर सोमबार मृत्यु भएको छ । उनकै सासु ५० वर्षीया लालमति थारुले घरको आगनमा घर र काठको खम्बामा बाँधेको ग्याबिनको तारमा कपडा सुकाउने क्रममा करेन्ट लागेको देखेर अस्माली थारु र लालमतिको नातिनी ७ वर्षीया श्रीषा थारुले छुटाउन खोज्दा तीनै जनालाई करेन्ट लागेर घाइते भई उपचारको लागि नर्सिङहोम नेपालगंञ्ज लगिएकोमा अस्मालीको उपचारको क्रममा मृत्यु भएको हो ।


## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

यस शहिद आदर्श क्याम्पस मोलुङ्ग २ रामपुर, ओखलढुङ्गाको मिति २०७९/०५/०५ गतेको Construction of Campus Building कार्यको बोलपत्र आब्हानको प्रकाशित सूचना अनुसार रितपूर्बक दर्ता हुन आएका दरभाउपत्रहरुमध्ये तपशिल बमोजिम दरभाउपत्र न्युनतम मुल्याङ्कित सारभुत रूपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स. | ठेक्का न. | कार्यको विवरण | छनौट भएको दरभाउपत्रदाताको नाम | कबोल गरेका रकम रु |
|---|---|---|---|---|
| 1. | UGC/SH/NCB/01/078-079 | Construction of Campus Building | R.K.B Nepal Construction Pvt.Ltd, Ktm-06 | ४८,०८,९०१.६० (भ्याट बाहेक) |

शहिद आदर्श क्याम्पस
मोलुङ्ग २ रामपुर, ओखलढुङ्गा


## समानुपातिकको...

पृष्ठ १ बाट जारी

समय दिइएको छ । ठूला दलहरूको सूची लामो भएकाले छिटो सक्न भनिएको आयोगका एक अधिकारीले जानकारी दिए ।

यस्तै, असोज १७ गते उम्मेदवारको बन्दसूचीमा सूचीकृत कुनै उम्मेदवारले आफ्नो नाम उम्मेदवारको बन्दसूचीबाट फिर्ता लिन चाहेमा निवेदन दिनुपर्नेछ । सोही दिन उम्मेदवारको बन्दसूचीबाट उम्मेदवारले नाम फिर्ता लिएको जानकारी सम्बन्धित राजनीतिक दललाई दिनुपर्नेछ ।

यस्तै, असोज २० देखि २२ गतेसम्म उम्मेदवारले नाम फिर्ता लिएको कारण रिक्त हुन आएको स्थानमा सोही समूहको अर्को उम्मेदवारको मनोनयन गरी मनोनीत उम्मेदवारको नामावली सम्बन्धित राजनीतिक दलले आयोगमा पेस गर्नुपर्नेछ । असोज २२ गते नै आयोगले उम्मेदवारको बन्दसूचीको सूचना प्रकाशित गर्नेछ।

असोज २३ गतेदेखि २९ गतेसम्म उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको उम्मेदवारको योग्यता सम्बन्धमा दाबी विरोध गर्न निवेदन दिनुपर्नेछ। असोज ३० गतेदेखि कात्तिक ५ गतेसम्म उम्मेदवारको बन्दसूचीमा समावेश उम्मेदवारको योग्यतासम्बन्धी दाबी विरोधको निवेदनमाथि जाँचबुझ र निर्णय गरिनेछ । कात्तिक ८ गते उम्मेदवारको बन्दसूचीबाट उम्मेदवारको नाम हटेको सूचना प्रकाशन हुने र कात्तिक ९ गते उम्मेदवारको बन्दसूची अन्तिम रूपमा प्रकाशन भई मंसिर ४ गते निर्वाचन हुनेछ ।

निर्वाचन आयोगमा दर्ता भएका दलहरूले असोज २ र ३ गते समानुपातिकतर्फ उम्मेदवारको बन्दसूची बुझाएका थिए । मिश्रित निर्वाचन प्रणालीअनुसार प्रदेशसभा र प्रतिनिधिसभामा ४० प्रतिशत सदस्य समानुपातिक प्रणालीमार्फत आउने व्यवस्था छ । यसअनुसार प्रतिनिधिसभामा ११० र प्रदेशसभामा २२० सांसद समानुपातिक निर्वाचन प्रणालीबाट छानिने छन् ।

## नेपाली नर्स...

पृष्ठ १ बाट जारी

भने बेलायतमा प्रति १० हजार जनसंख्याको लागि ८४ जना नर्स खटिएको उल्लेख गरिएको छ ।

नेपाल हेर्ने आप्रवासनविज्ञ एण्डी हलले नेपालमा 'प्रणालीगत भ्रष्टाचार' रहेको बताउँदै यहाँ आप्रवासनका हरेक पाइलामा गैरकानुनी एजेण्टहरू संलग्न रहेको बताएका छन् । उनका अनुसार अवैध शुल्क असुल्ने त्यस्ता एजेण्टमध्ये धेरैको बेलायतमा आधारित कम्पनीहरूसँग सम्बन्ध रहेको छ । बेलायत-नेपाल फ्रेण्डसिप सोसाइटी, हल र अन्य आलोचकहरूले कामदारको शोषण नहोस् भनी सुनिश्चित गर्न तेस्रो पक्ष निरीक्षण र मानवअधिकार विशेषज्ञहरूको संलग्नता हुनुपर्ने बताइरहेका छन् । हलले भनेका छन्, 'स्वास्थ्य विभागले 'सबै ठीक छ' भन्ने मात्रै स्वीकार्य छैन ।'

गत हप्ता विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ)ले समेत हस्तक्षेप गरेर नर्सहरूलाई रोजगारी दिने सवालमा सुरक्षाका उपाय अपनाउन बेलायत र नेपाल सरकारलाई सुझाव दिएको थियो । डब्ल्युएचओका स्वास्थ्य कार्यदलका निर्देशक जिम क्याम्पबेलले बेलायत र नेपाललाई केही टिप्पणीहरू लिन र कामदार हरूको अधिकारको सुरक्षा, शुल्कबाट सुरक्षा सुनिश्चित गर्नका लागि सबै न्यूनीकरणका उपायहरू लिन प्रोत्साहित गर्ने बताए । यसका लागि निगरानी गर्ने तेस्रो पक्ष सामेल भए अझ राम्रो हुने उनको भनाइ छ । तर, बेलायतको स्वास्थ्य विभागले भने द्विपक्षीय छलफलहरूमा तेस्रो पक्षको उपस्थिति उचित नहुने बताएको छ ।

बेलायतले आफ्नो राष्ट्रिय स्वास्थ्य सेवामा ५० हजार नर्स तथा मिडवाइफ्सको अभाव भएपछि त्यसको पूर्तिका लागि आफ्नो रेड लिस्टमा रहेको नेपालबाट स्वास्थ्य जनशक्ति लैजाने पहिलो सम्झौता गरेको डब्ल्युएचओले जनाएको छ ।

# क्यान्सर विजेतासँग रमाउँदै उपचारमा संलग्न चिकित्सक

■ प्रभाव संवाददाता

**ललितपुर–** क्यान्सर रोगका चिकित्सक क्यान्सर रोग निको भएका आफ्ना क्यान्सर विजेताहरूसँग सोमबार रमाएका छन् । क्यान्सर रोगलाई जित्न सफल भएको भन्दै त्यसको खुशियालीमा भएको भेटघाट कार्यक्रममा उपचारमा संलग्न डाक्टरहरू पूर्व विरामीहरूको खुशीमा सहभागी भई हौसला वढाउन पुगेका थिए ।

नेपाल क्यान्सर सहयोग समूहले नेपाल क्यान्सर हस्पिटल एण्ड रिसर्च सेन्टर हरिसिद्धि ललितपुरको समन्वयमा गरेको कार्यक्रममा क्यान्सर विजेताहरूले विभिन्न खेलका साथ नाचगानको कार्यक्रम राखेका थिए । त्यही कार्यक्रममा क्यान्सर विजेताहरूको हौसला वढाउन डाक्टरहरू पुगेनन् मात्र नाचगानमासमेत सहभागी भएका थिए ।

क्यान्सर रोग विशेषज्ञ डा सुदीप श्रेष्ठले क्यान्सरको सवैभन्दा ठूलो औषधि मनोबल भएको भन्दै मनोबल उच्च राख्न सके क्यान्सर रोगलाई परास्त गर्न सकिने बताए । उनले क्यान्सर रोग निको हुने रोग भएको भन्दै हौसलालाई निरन्तर बढाइराख्न सुझाए ।

सुदीप्त क्यान्सर सर्भाइभर मिट ३६ इडिसन सेलिब्रेटिंग फिफ्ट योर्स अफ सर्भाइवरसिप विट डली गुरुङ अर्थात् डली गुरुङले क्यान्सर विजय प्राप्त गरेको पाँचौ वर्षको अवसरमा गरेको ३६ औं क्यान्सर विजेताहरूको भेटघाटमा म्युजिकल चेयरलगायतका विभिन्न कार्यक्रमहरू राखिएको थियो । साथै सांगितिक कार्यक्रम पनि राखिएको थियो । त्यही कार्यक्रममा चिकित्सक, क्यान्सर विजेताहरू अन्य सहभागीहरू नाचगान गरी रमाएका थिए ।

नाचगानमा नेपाल क्यान्सर सहयोग समूहकी उपाध्यक्ष स्वरूपा श्रेष्ठ, महासचिव गणेशभक्त श्रेष्ठलगायतले क्यान्सर विजेताहरूको खुशीमा सहभागी हुँदै हौसला बढाउन नाचगानमा साथ दिएका थिए ।

कार्यक्रममा क्यान्सर विजयी भएको पाँच वर्ष पूरा गरेका क्यान्सर विजेता डेली गुरुङले हाल क्यान्सर रोगको उपचार गरिरहेका तीन जना विरामीहरूलाई आर्थिक सहयोग डोनेशन वितरण गरेकी थिइन् । साथै क्यान्सर विजेताहरूलाई मायाको चिनो पनि वितरण गरिएको थियो । कार्यक्रममा एक दर्जन चिकित्सक, तीन दर्जन क्यान्सर विजेता तथा त्यससँग सम्वन्धित व्यक्तिहरू सहभागी रहेका थिए ।

## दसैंमा...

पृष्ठ १ बाट जारी

दसैं मनाउन घर फर्कने यात्रुको बढी चापलगायतका कारणले सवारी दुर्घटना हुनसक्ने भएकाले चालकले तीव्र गति वा मादक पदार्थ सेवन गरी सवारीसाधन चलाएमा खबर गर्न आग्रह गरेको छ । यातायात व्यवसायीले पनि दसैंका लागि पर्याप्त सवारीसाधन उपलब्ध हुने प्रतिबद्धता जनाउँदै सवारीसाधनको अभाव नहुने भएकाले यात्रुलाई ढुक्क भएर टिकट लिएर मात्र गन्तव्यतर्फ प्रस्थान गर्न सुझाव दिएको छ ।

अहिले उपत्यका भित्रने सवारीसाधनको तुलनामा बाहिर जाने सवारीसाधन र यात्रुको संख्या उल्लेख्यरूपमा वृद्धि भएको छ । प्रहरीले छतमा नचढ्न, सवारीसाधनमा नझुण्डिन र कसरी यात्रा गर्दा सुरक्षित हुन्छ त्यसतर्फ आफैं सचेत रहन सबै यात्रुसँग आग्रह गरेको छ ।


## Tribeni Rural Municipality
### Simrutu-Kharaneta
### Rukum (West)

## Invitation for Sealed Quotation for the procurement of Medicine

**Sealed Quotation No: 2079/080-01**
**Date of Publication: 27-09-2022**

1) Eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of Tribeni Rural Municipality Rukum (West ), ***tribenigp@gmail.com*** OR may visit PPMO website ***www.bolpatra.gov.np*** Eligible Bidders on the submission of a written application, along with the copy of company/ firm registration certificate, and upon payment of a non-refundable fee of NRs.1000.0 till **12-10-2022 12:00** during office hours.
2) Bidder who chooses to submit their bid electronically may download the bidding documents for e submission from PPMO's e-GP i.e ***www.bopatra.gov.np/egp.*** Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account.
   **I. Name of the Bank: Laxmi Bank Ltd.**
   **II. Name of Office: Tribeni Rural Municipality Rukum (West)**
   **III. Office Account No: 08703000156**
3) Sealed bids must be submitted by through e-GP system i.e ***www.bopatra.gov.np/egp*** on before **12:00 PM** on **12-10-2022.**
4) Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs. 57000, which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit **Account No.08703000084** at Laxmi Bank Ltd., Tribeni Branch, Rukum (West) and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.

**Prem Bahadur Gharti**
**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# महँगियो दसैं

हिन्दू नेपालीहरूले मनाउने चाड बडादसैं सोमबारदेखि सुरु भएको छ । सोमबार काठमाडौंको वसन्तपुरस्थित दसैंघर तथा घर–घरमा जमरा राखेर घटस्थापना गरिएको छ । घटनास्थापनालाई नवरात्रको पहिलो दिन पनि भनिन्छ । दसैंसम्म विभिन्न देवीहरूको पूजाआजा गर्ने चलन छ । यो पर्व आश्विन शुक्ल पूर्णिमासम्म १५ दिन धूमधामका साथ मनाइन्छ । बडादसैंको पहिलो दिन घरका पूजा कोठा र दसैंघरमा विधिपूर्वक दियो, कलश एवं गणेश स्थापनासहित घटस्थापना गरिन्छ ।

दुर्गा देवीका तीनवटा रूप महाकाली, महालक्ष्मी र महासरस्वतीको नवरात्रभर विधिपूर्वक आह्वान गरी पूजा आराधना गरिन्छ । महाकाली शक्तिको प्रतीक, महालक्ष्मी धनधान्य, ऐश्वर्यको प्रतीक र महासरस्वतीलाई विद्या र बुद्धिको प्रतीकको रूपमा पूजा आराधना गर्ने वैदिककालदेखिको परम्परा छ ।

दुर्गाले आसुरी प्रवृत्तिको प्रतीकको रूपमा रहेका चण्ड, मुण्ड, शुम्भ, निशुम्भ र रक्तवीजलगायतका राक्षसलाई वध गर्न लिएका नौवटा रूपको दुर्गा पक्षका अवसरमा विशेष पूजा, आजा र आराधना गर्ने गरिन्छ । यो आराधनाले वर्षभर गलत प्रवृत्तिविरुद्ध लड्ने शक्ति प्राप्त हुने विश्वास गरिन्छ ।

एकातिर सोमबारदेखि दसैंको रौनक सुरु भएको छ भने अर्कोतिर बजारमा महँगी पनि उकालो लागिरहेको छ । उपभोक्ता महँगीको चर्को मारमा छन् । बजारमा हरेक वस्तुको मूल्य उच्च छ । यसरी हेर्दा दसैं आममानिसका लागि महँगो बन्ने पक्का छ । सामान्यतया चाडबाड भनेपछि मनोवैज्ञानिक रूपमा पनि मानिसले सरसामन किन्नका लागि आफूलाई तयार बनाउँछ । आधारभूत आवश्यकताका सामान मात्र किन्दा पनि ढाड सेकिने अवस्था छ ।

नेपाल राष्ट्र बैंकले हालै सार्वजनिक गरेको तथ्यांकमा चालु आर्थिक वर्ष २०७९/८० को पहिलो महिनामा मुद्रास्फीति (मूल्यवृद्धि) ८.२६ प्रतिशत पुगेको उल्लेख गरिएको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मूल्यवृद्धि ४.३५ प्रतिशत रहेको थियो । समीक्षा महिनामा खाद्य तथा पेयपदार्थ समूहको मुद्रास्फीति ७.११ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति ९.१८ प्रतिशत रहेको छ । २०७८ साउन महिनाको तुलनामा २०७९ साउन महिनामा खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत घिउ तथा तेल, फलफूल, रेस्टुरेण्ट तथा होटल, मदिराजन्य पेयपदार्थ र दुग्धपदार्थ तथा अण्डा उपसमूहको मूल्यवृद्धि क्रमशः १९.५८ प्रतिशत, १८.७९ प्रतिशत, ११.८४ प्रतिशत, १०.२४ प्रतिशत र १०.१९ प्रतिशत रहेको छ । साथै, गैरखाद्य तथा सेवा समूहअन्तर्गत यातायात, स्वास्थ्य, फर्निसिङ तथा घरायसी उपकरणहरू, शिक्षा र घरायसी उपयोगका वस्तुहरू उपसमूहको मूल्यवृद्धि क्रमशः २३.८८ प्रतिशत, १०.५४ प्रतिशत, ९.०४ प्रतिशत, ८.११ प्रतिशत र ७.८६ प्रतिशत रहेको छ ।

समीक्षा महिनामा काठमाडौं उपत्यकामा ७.३९ प्रतिशत, तराईमा ८.७२ प्रतिशत, पहाडमा ८.६४ प्रतिशत र हिमालमा ६.६४ प्रतिशत मुद्रास्फीति रहेको छ । २०७८ साउन महिनामा यी क्षेत्रहरूमा क्रमशः ३.७० प्रतिशत, ४.११ प्रतिशत, ५.६३ प्रतिशत र ३.५८ प्रतिशत मुद्रास्फीति रहेको थियो । आर्थिक वर्ष २०७९/८० को पहिलो महिनामा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति १२.५८ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ४.२५ प्रतिशत रहेको थियो । समीक्षा महिनामा उपभोग्य वस्तु, मध्यवर्ती वस्तु र पुँजीगत वस्तुको थोक मूल्यवृद्धि क्रमशः १०.६२ प्रतिशत, १४.६८ प्रतिशत र ६.८७ प्रतिशत रहेको छ । समीक्षा महिनामा निर्माण सामग्रीको थोक मूल्यवृद्धि १९.३६ प्रतिशत रहेको छ ।

तथ्यांकले भन्छ कि मूल्यवृद्धि दिनानुदिन उकालो लागिरहेको छ । चाडबाडको मौका छोपेर मूल्यवृद्धि झन् बढाउने र उपभोक्ता ठगिने क्रम बढ्ने जोखिम छ । राज्य र सम्बन्धित निकायले यसमा बेलैमा ध्यान दिनुपर्छ । चाडबाडका बेला हुने कालोबजारी नियन्त्रणतर्फ राज्य गम्भीर हुनैपर्छ ।

## मनन्योग्य

### चाणक्य नीति

विष्णुगुप्त पण्डित राधामोहनको पाठशालामा विद्या पढ्न थाले । उनको लगनशीलता, बुद्धि, चातुर्य केही दिनपछि अगाडि आउन लाग्यो । कुनै विद्यार्थीलाई धेरै घोके (रटे) पनि हेक्कै नहुने कुनै कुरा ती विष्णगुप्त सुनेर मात्र कण्ठस्थ (मुखाग्र) गर्दथे प्रत्येकका मुखबाट विष्णुगुप्तको प्रशंसा सुनिन थाल्यो ।

थोरै समयमा नै जिज्ञासु विष्णुगुप्तले गुरुका खुट्टा दबाउँदै तक्षशिला विश्वविद्यालयमा अध्ययन गर्ने आफ्नो इच्छा प्रकट गरे । यो कुरा सुन्दा पण्डित राधामोहन गद्गद् भए । उनले विष्णुगुप्तलाई अँगालो हालेर आँखाभरि आँसु पार्दै भने- 'बाबु ! तिमीले मेरो मनको बोली बोल्यौ, मेरो आफ्नो ठूलो इच्छा थियो कि यो विद्यालयको कुनै विद्यार्थी तक्षशिला गएर ज्ञान आर्जन गरोस् र यो विद्यालयको नाउँ उच्च पारोस् र मलाई तिम्रो प्रतिभामाथि, तिम्रो विलक्षण बुद्धिप्रति पूरा विश्वास छ, तिमी एक दिन यो विद्यालयलाई पनि महाविद्यालयको स्तर प्रदान गर्न सक्नेछौ । तिमी तक्षशिला विश्वविद्यालयमा हजारौं विद्यार्थी बीचमा स्वाती नक्षत्रझैं चम्कनेछौ । मेरो आशीर्वाद सधैं नै तिम्रो साथ छ ।

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु ।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन । म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु । ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन् ।

अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे । **क्रमश** :

# शैक्षिक गन्तव्यका रूपमा विकास हुँदै 'रामतुलसी'

▶▶ सुशीला रेग्मी

विद्यालय हाताभित्र प्रवेश गरेपछि हरियाली रुख बिरुवा, शान्त पारिवारिक वातावरण देख्दै लोभलाग्दो बनेको छ, रामतुलसी नमूना मावि । दुई हजार ३८० विद्यार्थी पढ्ने शान्त र सुन्दर विद्यालयको वातवरण देख्ने जो कोही पनि दंग पर्छन् ।

पाल्पा सदरमुकाम तानसेनदेखि करिब ६५ किलोमिटर पूर्व रामपुर नगरपालिकामा रहेको यस विद्यालयले शैक्षिक क्षेत्रमा नमूना विद्यालयका रूपमा पहिचान बनाएको छ । हिजोआज यहाँको वातावरण, प्रविधिमैत्री शिक्षा अन्य विद्यालयका लागि सिकाइ सिक्ने थलो बनेको छ । शैक्षिक अवलोकनका लागि रामतुलसी हेर्न र सिक्न लायकको विद्यालय बनेपछि संस्थागत विद्यालय छाडेर यहाँ अध्ययन गर्न आउने विद्यार्थीको आकर्षण छ ।

भारत गुजरातस्थित एक राम्रै बोर्डिङ स्कुलबाट एसइईसम्मको शिक्षा लिएकी सञ्जना उचै यस वर्ष कक्षा ११ मा रामतुलसी माविमा विज्ञान संकायमा भर्ना भई अध्ययनरत छिन् । विद्यालयको वातावरण, अनुशासन, सामुदायिक भए पनि शिक्षामा अब्बल विद्यालय भएकाले उच्च शिक्षाका लागि भारत छाडेर रामतुलसीमा भर्ना भएको उनले बताइन् ।

'गुजरातमा राम्रै बोर्डिङ स्कुलमा पढेको थिएँ, नेपालमै बसेर सामुदायिक विद्यालयमा पढ्ने रहर जाग्यो, त्यसमा पनि गाउँमै सञ्चालन भइरहेको यस विद्यालय हामीले खोजेजस्तै पठनपाठन हुँदोरहेछ, यहाँको वातावरणले मलाई शिक्षामा आकर्षित बनायो,' उनले भनिन् । सामुदायिक भए पनि बोर्डिङ स्कुलको तुलनामा धेरै सुविधा, गुणस्तरीय शिक्षा भएकाले आफ्नो रोजाइमा यसै विद्यालय परेको कृति अधिकारी बताउँछिन् । उनी पनि संस्थागत विद्यालय छाडेर एसइई उत्तीर्णपश्चात् यस विद्यालयमा आएकी हुन् । सामुदायिक विद्यालयले शैक्षिक क्षेत्रमा गरेको नमूना कार्यले राम्रो शिक्षा लिन संस्थागत विद्यालय नै पढ्नुपर्छ भन्ने मानसिकता हिजोआज विद्यार्थी तथा अभिभावकमा हट्दै गएको छ ।

यहाँका शिक्षक, कर्मचारी, व्यवस्थापन समिति र अभिभावकले विद्यालयको शैक्षिक तथा भौतिकस्तर सुधार गर्न अहोरात्र खटेपछि विद्यार्थीले सोचेजस्तै र खोजेजस्तै विद्यालय बनेको छ । घरमै बसेर न्यूनतम् शुल्कमा गुणस्तरीय प्रविधिमैत्री शिक्षा लिन पाइने, पढ्नका निम्ति अन्यत्र जाने झमेला गर्नु नपर्ने, अर्कोतर्फ विद्यालयको शैक्षिक वातावरणले आकर्षित बनाएको विशाल चौबै बताउँछन् ।

'सहर बजारका ठूला विद्यालयमा पढाइ हुने विषय यहाँ छन्, आफूले इच्छा गरेको विषयवस्तु यहीं पढ्न पाएपछि अन्यत्र जानु परेन, पढाइमा कम खर्च, विषयानुसार आवश्यक पर्ने सबै प्रविधिको सुविधा विद्यालयले उपलब्ध गराएको छ, अनुभवी शिक्षकबाट शिक्षण कार्यले पढाइसँगै यहाँ आएपछि विषयवस्तुभित्रका मात्र नभई बाहिरी धेरै ज्ञान सीप सिक्ने अवसर मिलेको छ,' उनले भने ।

विद्यालयको प्रवेशद्वारभित्र पसेपछि नपढ्नेलाई पनि पढ्नुपर्छ भन्ने खालको वातावरण यहाँ पाइएको उनको भनाइ छ । यहाँ हरेक वर्ष १५० का दरले विद्यार्थी बढिरहेका छन् । शिक्षक, कर्मचारीको इमान्दारितापन, समुदायले रामतुलसी विद्यालयप्रति लिएको विश्वास, न्यूनतम् शुल्कमा विद्यालय सञ्चालन भएकाले बर्सेनि विद्यार्थीको संख्या बढ्दै गएको बताउँछन्, प्रधानाध्यापक बालकृष्ण लम्साल ।

'विद्यार्थीको चौतर्फी सिकाइमा विद्यालयले कुनै सुविधा कञ्जुस्याइँ गरेको छैन, पारिवारिक वातावरणमा शिक्षण कार्य भइरहेको छ, संस्थागतमा पढेका विद्यार्थी यहाँ आउनेक्रम बढिरहेको छ,' उनले भने, 'बिहान र साँझको समयमा अब विद्यालयमा आध्यात्मिक चिन्तन र संगीतको शिक्षा सञ्चालन गर्ने, विद्यालयको प्रवेशद्वारभित्र पसेपछि पानीको फोहोरासहितको पोखरी निर्माण, शिव पार्वतीको मूर्ति स्थापना गर्ने योजना छ ।'

भूगोलको हिसावले सहरोन्मुख, बजार नजिकै विद्यालय, अन्यत्र विद्यालयमा पढाइ नभएका विषय यहाँ सञ्चालन, तीन वर्षे कृषि बाली विज्ञान, कक्षा ११ र १२ मा विज्ञान, व्यवस्थापन, शिक्षा संकायमा पठनपाठन भइरहेको छ । यहाँको वातावरण र व्यवस्थापकीय पक्ष राम्रो हुँदै जाँदा विद्यार्थीको आकर्षण बढेको हो । नमूना विद्यालयको पाँचौं वर्षमा विद्यालय प्रवेश गरेको छ ।



समयानुकूल शिक्षण सिकाइलाई अवलम्बन गरेर शैक्षिक वातावरण व्यवस्थापन गर्दै जाँदा हिजो स्कुल आउन नमान्ने बालबालिका अहिले नियमित स्कुल आउने, पठनपाठनमा चासो दिने गरेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विष्णुप्रसाद पौडेल बताउँछन् । उनका अनुसार मन्त्री, सरकारी तवरमा उच्च तहमा पुगेका कर्मचारी, विभिन्न क्षेत्रमा धेरै जनशक्ति उत्पादन गर्ने पुरानो हाइस्कुलले चिनिएको रामतुलसी नमूना माविले अहिले शैक्षिक क्षेत्रमा नौलो आयाम बनाउन सफल भएको छ ।

'शिक्षाको गुणस्तर वृद्धि गर्न विद्यालयले दक्ष जनशक्ति छनोट, विद्यार्थीलाई विद्यालयभित्र पुगिसकेपछि पढुँपढुँ बनाउने खालको शैक्षिक वातावरण तयार पारिएको छ, हामीले कसरी हुन्छ विद्यार्थीलाई खुसीका साथ पढ्ने वातावरण बनाइदिएका छौं, अहिले विद्यार्थीको चाप धेरै छ, व्यवस्थापन पक्षबाट शैक्षिक कार्यमा कुनै कमी हुन दिएका छैनौं,' उनले भने ।

रामपुर नगरपालिकाले नगरभित्रका विद्यालयमा शिक्षामा समानुपातिक बजेट बाँडफाड नगरेको हुँदा अब विद्यार्थी संख्याको आधारमा विद्यालयलाई बजेट उपलब्ध गराउनुपर्ने अध्यक्ष पौडेलको माग छ । धेरै विद्यार्थीले पढ्ने यस विद्यालयमा नगर सरकारले चासो दिएको पाइँदैन ।

हाल यस विद्यालयमा १०२ शिक्षक, कर्मचारी कार्यरत छन् । यसमध्ये सरकारी दरबन्दीका ३० जना शिक्षक कार्यरत छन् । बाँकी सबै निजी स्रोतका शिक्षक, कर्मचारी हुन् । मासिक १३ लाख रूपैयाँ रकम निजी स्रोतका शिक्षक तथा कर्मचारीको तलब व्यवस्थापन विद्यालयले आन्तरिकरूपमा नै गरिरहेको छ । विद्यालयको विभिन्न जग्गा तथा सटर भाडाबाट वार्षिक तीन लाख रूपैयाँ आम्दानी हुन्छ ।

कक्षा ११ र १२ अन्तर्गत शिक्षा र व्यवस्थापनका विषय बिहान, विज्ञान विषय दिउँसोमा चलिरहेको छ । कक्षा ११ र १२ का सबै विषय दिउँसोमा चलाउन विद्यार्थी संख्या बढी भएकाले कक्षाकोठाको अभाव रहेको विद्यालयले जनाएको छ । दिउँसोमा ६५ वटा कक्षा नियमित चलिरहेको छ । दुईवटा स्कुल बस दैनिक सञ्चालनमा ल्याइएको छ । विद्यालयका १२० कोठामध्ये १०० कोठा शैक्षिक प्रयोजनमा छ ।

गत आर्थिक वर्षमा व्यावसायिक शिक्षा अभिवृद्धि परियोजनाअन्तर्गत विनियोजित ३२ लाख रूपैयाँ सहयोगमा अत्याधुनिक खालको कम्प्युटर ल्याब तयार पारिएको छ । जहाँ एकै पटकमा ३० जना विद्यार्थीले प्रयोग गर्न मिल्ने खालको संरचना तयार छ । यहाँ कक्षा ८ देखि १२ सम्म कम्प्युटर कक्षा सञ्चालन गरिएको छ । व्यवस्थित पुस्तकालय, सुविधा सम्पन्न ३०० मानिस अट्ने क्षमताको चमेना गृह व्यवस्थापन गरिएको छ ।

अति न्यून शुल्क लिएर संस्थागत विद्यालयले दिने सबै सेवासुविधा उपलब्ध गराइएको र यस विद्यालयलाई नेपालकै नमूना विद्यालय बनाउने कोसिसमा रहेको विद्यालय व्यवस्थापन समितिका सदस्य अशोक श्रेष्ठले बताए ।

विद्यालयमा प्राथमिक उपचारका लागि एक जना नर्स र प्रवेशद्वारभित्र पस्नेबित्तिकै सुरक्षा कर्मचारी परिचालन गरिएको सदस्य श्रेष्ठ बताउँछन् । विद्यालय समयमा विद्यार्थीलाई चोटपटक लागेमा वा विभिन्न समस्या देखिएमा प्राथमिक उपचार उपलब्ध गराउन नर्स कर्मचारीको व्यवस्था गरिएको हो ।

हाल यहाँ नेपाली, अंग्रेजी माध्यममा कक्षा १० सम्म पठनपाठन भइरहेको छ भने अबदेखि भने अंग्रेजी माध्यमअन्तर्गत पनि विशिष्टीकृतरूपमा प्रविधियुक्त शिक्षा दिइने विद्यालयले जनाएको छ । विशिष्टीकृत शिक्षा प्रदान गर्न पूर्व बालविकास अर्थात् मन्टेश्वरी कक्षा सञ्चालन गरिरहेको समितिले जनाएको छ ।

रामतुलसी माविको हिजोको इतिहास खोतल्दा पार्टी, पौवाबाट अक्षराम्भ भएको विद्यालय हो । भवन अभावमा गाउँका पार्टी, पौवा, चौतारी, खुल्ला चौर, बगैंचामा विद्यार्थी राखेर शिक्षा दिएको विद्यालय अहिले सुविधा सम्पन्न नमूना विद्यालयका रूपमा सबैका सामु चिनिएको छ । शिक्षाको उज्यालो ज्योति प्रदान गर्न २०२५ सालमा स्थापना भएको यो विद्यालय पूर्वी पाल्पामै पुरानो हाइस्कुलका नामले परिचित छ ।

> तत्कालीन समयमा पूर्वी पाल्पाको एकमात्र शैक्षिक धरोधरका रूपमा रहेको यस विद्यालयले धेरै विद्यार्थीलाई शिक्षाको उज्यालो ज्योति छरेको छ । अहिले पनि हाइस्कुल भनेपछि धेरैको बुझाइमा रामतुलसी भनेर बुझिन्छ । आजको अवस्थासम्म आइपुग्दा शैक्षिक तथा भौतिक क्षेत्रमा धेरै फड्को मार्न सफल भएको छ ।

तत्कालीन समयमा पूर्वी पाल्पाको एकमात्र शैक्षिक धरोधरका रूपमा रहेको यस विद्यालयले धेरै विद्यार्थीलाई शिक्षाको उज्यालो ज्योति छरेको छ । अहिले पनि हाइस्कुल भनेपछि धेरैको बुझाइमा रामतुलसी भनेर बुझिन्छ । आजको अवस्थासम्म आइपुग्दा शैक्षिक तथा भौतिक क्षेत्रमा धेरै फड्को मार्न सफल भएको छ ।

यहाँ सञ्चालनमा आएको प्रविधिमैत्री नमूना पूर्व बालविकास अर्थात् मन्टेश्वरी कक्षाले निकै चर्चा पाएको छ । शैक्षिक गुणस्तरलाई मध्यनजर गर्दै विद्यालय जाने प्रारम्भिक उमेर समूहका बालबालिकालाई लक्षित गर्दै प्रविधिमैत्री सुविधा सम्पन्न मन्टेश्वरी कक्षा सञ्चालनमा आएको छ । भौतिक तथा शैक्षिक क्षेत्रमा राम्रो पहिचान बनाउन सफल भएको रामतुलसी मावि धेरैको रोजाइमा पर्ने गरेको छ । पर्याप्त खेलमैदान, सुविधा सम्पन्न शौचालय, खानेपानी, प्रयोगशाला, पुस्तकालयलगायतको राम्रो सुविधा छ । *रासस*

## पत्र–मञ्जुषा

# विज्ञापनमा लोभिएर ठगिँदै उपभोक्ता

सरकारले हरेक सामानको मूल्य उत्पादनकर्तालाई तोक्ने अधिकार दिएको छ । मासु-अण्डा, खाद्यान्न, तरकारीलगायत दैनिक उपभोग्य वस्तु सम्बन्धित संघसंस्थाले तोक्ने गरेको छ । होटल व्यवसायीले आफ्नो होटलका खानेकुराको मूल्य आफैं तोक्छ । जसले गर्दा सबैतिर थरीथरीको बजार मूल्य पाइन्छ । तर, सरकारले व्यवसायीलाई मूल्य तोक्ने अधिकार दिँदँ उपभोक्ता मारमा परेका छन् । जनताले उपभोग गर्ने वस्तुको मूल्य सरकारले निर्धारण गर्नुपर्ने हो । अनुगमन पनि सरकारद्धारा हुनुपर्छ । तर, यहाँ त जनतालाई ठग्नका लागि सरकारले व्यवसायीको हातमा डोरो थमाइदिएको छ ।

व्यापारीहरू जहिले पनि नाफाकै पछाडि दौडन्छन् । न जनताप्रति जिम्मेवार छन् न सरकारको ऐनकानुन नै मान्छन् । यता, संघसंसथाहरूले चाडबाड नजिकिनेबित्तिकै सामानको मूल्य ह्वात्तै बढाइदिन्छन् । बाहिरबाट चाहिने जति परिमाणमा सामान आएन भन्दै अभाव देखाएर ठग्ने त सधैंको हो । कालोबजारी गर्ने राम्रो मौका पनि यही नै हो । सामान लुकाएर बढी मूल्यमा बेच्न खोज्छन्, व्यापारी । दसैं आउँदै गर्दा म्याद गुज्रिएको सामानहरू बेच्ने क्रम पनि बढेको छ । सरकारले अनुगमन नगर्दा म्याद सकिएका, खान अयोग्य वस्तुहरूमा नयाँ मिति राखेर बजार पठाउने काम भइरहेको छ ।

उत्पादकहरूले विज्ञापन गर्छन्, अनि म्याद सिद्धिएको सामान बजारमा पठाउँछन् । पछिल्लो समय पेयपदार्थहरूको विज्ञापन छ्यापछ्याप्ती भेटिन्छन् । कोक, फचान्टालगायत अन्य पेय पदार्थको मूल्य सरकारले निर्धारण गरेको होइन । उत्पादक आफैंले तोकेर बजार पठाएको हो । त्यो वस्तु खानयोग्य छ कि छैन सरकारले नियमन गरेको छैन । एकातिर महँगो पैसा तिरेर सामान किन्नुपर्ने बाध्यता छ अर्कोतिर त्यही खानेकुराले बिरामी हुने कि भन्ने चिन्ता पनि उत्तिकै छ । यता, चाउचाउको मूल्य बढेको बढ्यै छ तर तौल भने घटेको छ । चामल, दाल, चिउरा, तेललगायत अन्य खाद्यान्नको समेत विज्ञापन बजाउने प्रवृत्ति बढेको छ ।

पाँच सयको सामानलाई हजार पुऱ्याएर विज्ञापन शुल्क पनि त्यहीबाट पुयाउँछन् । पाँच रूपैयाँको सामान विज्ञापन गरेर २५ मा बेच्छन् । बजारमा हरेक सामानको मूल्य बढेको छ । मादकपदार्थको मूल्य पनि आकासिएको छ । सञ्चारमाध्यम विज्ञापनबाट चल्ने भएकाले उनीहरू मौन छन् । बजारमा नक्कली सामान छ्याप्छ्याप्ती भेटिन्छन् । नक्कली चामल, दाल, गेडागुडीलगायत दैनिक जनताको चुलोमा पाक्ने खाद्य सामग्रीहरू गुणस्तरहीन छन् । तापनि सम्बन्धित निकाय आँखा चिम्लेर बसेको छ । अनुगमन गर्न निस्किनुपर्ने निकाय कता छ ? अत्तोपत्तो छैन ।

चामलको बोरामा २५ किलो लेखेको हुन्छ । तर, तौल त तोके जति हुँदैन । तौल कम हुन्छ, मूल्य चर्को । जनता मारमा पर्दा पनि सरकार किन मौन बसेको छ ? हरेक क्षेत्र व्यवसायीले चलाएका छन् । व्यवसायीको हिसाबमा बजार चलेको छ । उनीहरूले जति भन्यो उपभोक्ताले उति नै मूल्य तिर्नुपर्ने हुन्छ । कसैले महँगो भयो भनेर गुनासो गर्ने ठाउँ नै छैन । किन कि सरकार नै व्यापारीले चलाएका छन् । यता, जनताहरू पनि विज्ञापन देख्नेबित्तिकै किन्न पुगिहाल्छन् । विज्ञापनको पछाडि लाग्दा कतै आफू ठगिएका त छैनौं भनेर सोच्दैनन् । विडम्बना, विज्ञापन नगरेको सामान कसैले किन्दै किन्दैनन् । उत्पादकले त छिटो नाफा कमाउनका लागि विज्ञापन बजाउँछन् । यता, त्यो पनि जनतासँगै असुल्छन् । विज्ञापन बजाएको सामान खरिद गर्ने हो भने आफू ठगिएको भनेर जाने हुन्छ ।

बजारमा सामानको मूल्य ह्वात्तै बढ्नु र म्याद सकिएको सामान छ्याप्छ्याप्ती भेटिनुमा सञ्चारमाध्यमको पनि ठूलो हात छ । विज्ञापन पाएपछि उसले जति नराम्रो गरे पनि उसको विरोधमा मिडिया हाउसहरूले कलम चलाउँदैनन् । किनकि, मिडिया हाउस नै उनीहरूले दिएको विज्ञापनबाट चलेको छ भने सञ्चारकर्मीहरूले पनि त्यहीबाट तलब पाएका हुन्छन् । नेपालमा जति पनि ठूलठूला व्यवसायी छन् तिनीहरू विज्ञापनकै कारण माथि आएका हुन् ।

उपभोक्तावादी संघसंस्था खोल्ने अनि मिडियामा ठूलठूला कुरा गर्ने । दिँउसो विरोध गर्ने रात परेपछि उनीहरूकै घर धाउने । देशमा धनी र गरिबको खाडल झनै बढिरहेको छ । यसको विरुद्धमा आवाज उठाउन जरुरी भइसकेको छ ।

*–रश्मिला पाठक, पुल्चोक*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail .com
facebook .com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.



**कलशमा जल भर्दै** | घटस्थापनाको दिन पिडरियामाई मन्दिरमा कलश स्थापना गर्न जनकपुरधामको शिवचोकस्थित गंगासागरमा कलशमा जल भर्दै भक्तजन ।

*तस्बिरः रासस*

# ‘ठोरीको विकासमा सबैले हातेमालो गरौं’

■ प्रभाव संवाददाता

**पर्सा–** सहरी विकासमन्त्री मेटमणि चौधरीले ठोरीको विकास र विस्तारमा सबैले हातेमालो गर्नुपर्ने धारणा राखेका छन् ।

पर्साको पश्चिम क्षेत्रमा रहेको ठोरी गाउँपालिकामा सघन सहरी कार्यक्रम अन्तर्गत सहरी पूर्वाधार निर्माण कार्यक्रमका लागि करिब १० करोडका आयोजनाहरूको शिलान्यास गर्दै आइतबार मन्त्री चौधरीले उक्त कुरा बताएका हुन् ।

‘भगवान् रामसँग जोडिएको ठोरीको समग्र विकासमा सबै जुटौं । यस्तो ऐतिहासिक ठाउँको बृहत्तर विकास गर्ने सवालमा यो दल त्यो दल नभनौं । यसो गर्न सकिएमा हिन्दु धर्मावलम्बीहरूको घुइचो लाग्ने छ । धार्मिक पर्यटनको राम्रो गन्तव्य बन्ने निश्चित छ ।’ मन्त्री चौधरीको भनाइ थियो ।

ठोरीलाई चिनाउन, ठोरीको प्रचार गर्न र विकासका आयोजनाहरू निर्माणको पहल गर्न ठोरी आएको




बताउँदै मन्त्री चौधरीले जननिर्वाचित प्रतिनिधिहरूले सबैलाई समेटेर नेतृत्व गर्न आग्रह समेत गरेका थिए ।

ठोरी माधव ताल, पञ्चेश्वर धाम, ठोरी बजार पूर्वाधार निर्माण, विजयवस्ती सभा हाल, सरस्वती मावि भवन निर्माण, सडक विस्तार, पिच तथा ढलानलगायत दर्जनौं आयोजनाहरूको शिलान्यास कार्यक्रममा सहरी मन्त्रालयका सचिव डा.रमेशप्रसाद सिंह, सहसचिव पद्मकुमार मैनाली, ठोरी गाउँपालिकाका अध्यक्ष लालबाबु श्रेष्ठ, उपाध्यक्ष गोकुलीकुमारी रेग्मी, एकीकृत समाजवादी पर्साका कार्यवाहक अध्यक्ष गंगाबहादुर खड्का, मनोज चौधरी, समाजवादी प्रेस संगठनका केन्द्रीय सदस्य वृजलाल पासवान, पर्सा जिल्ला अध्यक्ष मनोज पटेललगायतले मन्तव्य राखेका थिए ।

## संक्षिप्त

### लागुऔषधसहित पक्राउ

**धादिङ (प्रस)–** बेनिघाट रोराङ गाउँपालिका-९ ज्यामिरेघाटबाट करिब १३ केजी अवैध लागुऔषध गाँजा सहित रुबिभ्याली गाउँपालिका-७ बस्ने २९ वर्षीय धन बहादुर गुरुङलाई सोमबार प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी जोगिमाराबाट खटिएको प्रहरीले उनलाई उक्त लागुऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

### चोरीमा संलग्न चार जना पक्राउ

**कास्की (प्रस)–** मादी गाँउपालिका-७ काउरेडाँडास्थित सडक छेउमा रहेको थाक खोलाको खानेपानी संस्थानको पाइपहरू चोरी भएको घटनामा संलग्न रहेको अभियोगमा ४ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा सोही गाउँपालिका-७ थाक बस्ने ३५ वर्षीय रमेश गुरुङ, २६ वर्षीय निरज तामाङ, सोही गाउँपालिका घर भई हाल पोखरा महानगरपालिका-१० बस्ने ३४ वर्षीय खरजंग गुरुङ र लम्जुङ मध्यनेपाल नगरपालिका-८ स्थायी घर भई हाल कास्की पोखरा महानगरपालिका-१३ कसेरी बस्ने २३ वर्षीय रिदम भन्ने सुनिल परियार रहेका छन् ।

असोज ५ गते बिहान खानेपानी संस्थानको पाइपहरू चोरी भएको भन्ने सूचनाको आधारमा वडा प्रहरी कार्यालय रामबजारबाट खटिएको प्रहरीले ग.१ त ५१३७ नम्बरको ट्याक्टरमा उक्त पाइपहरू लोड गरी मादी गाउँपालिका-५ तर्फ ल्याउँदै गरेको अवस्थामा फेला पारी उक्त कार्यमा संलग्न उनीहरूलाई पक्राउ गरेको हो । उनीहरू उपर कास्की जिल्ला अदालतबाट चोरी तथा डाँका मुद्दामा दिन ६ म्याद थप गरी यस सम्बन्धमा प्रहरीले अनुसन्धान गरिरहेको छ ।

### हत्यामा संलग्न पक्राउ

**बर्दिया (प्रस)–** गेरुवा गाउँपालिका-४ बस्ने गंगाघर चालिसेको हत्या भएको घटनामा संलग्न रही फरार रहेका सोही ठाउँ बस्ने ३७ वर्षीय श्याम बिसी भन्ने टिकाराम बुढाक्षेत्रीलाई शनिबार प्रहरीले पक्राउ गरेको छ । २०७२ साउन १६ गते चालिसेलाई घारिलो हतियार प्रहार गरी हत्या गरी फरार भएका बुढाक्षेत्रीलाई इलाका प्रहरी कार्यालय पाताभारबाट खटिएको प्रहरीले उनकै गाउँटोलमा लुकिछिपी बसेको अवस्थामा फेला पारी पक्राउ गरेको हो ।

उनी उपर जिल्ला अदालत बर्दिया गुलरियाबाट कर्तव्य ज्यान मुद्दामा म्याद थप गरी प्रहरीबाट थप आवश्यक अनुसन्धान भइरहेको छ ।

### गाँजासहित पक्राउ

**पर्सा (प्रस)–** वीरगञ्ज महानगरपालिका-१६ रजतजयन्ती चोकबाट अवैध लागुऔषध गाँजा करिब ३ किलोसहित भारत घर भएका ७० वर्षीय ब्रहमबाबा केवटलाई शनिबार प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी इनर्वाबाट खटिएको प्रहरीले उनलाई उक्त गाँजासहित पक्राउ गरेको हो ।

यसैगरी पर्सा, वीरगंज महानगरपालिका-१६ शंकराचार्य गेटबाट अवैध लागुऔषध सेतो हेरोइन जस्तो देखिने पदार्थ ५ सय मिलिग्राम र नाइट्राभेट १२ ट्याब्लेट सहित भारत घर भएका १९ वर्षीय आशिष शर्मालाई शनिबार प्रहरीले पक्राउ गरेको छ । लागुऔषध नियन्त्रण व्यूरो शाखा कार्यालय वीरगञ्जबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेका उनलाई जाँच गर्ने क्रममा उक्त लागुऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

मोरङ, रंगेली नगरपालिका-९ पट्वारी टोलस्थित सडकबाट नियन्त्रित लागुऔषध हाइड्रोकलोराइड २ हजार ५ सय ट्याब्लेट र डिसिक्लोमाइन हाइड्रोक्लोराइड ५ सय ट्याब्लेट सहित सोही नगरपालिका-६ बस्ने ४१ वर्षीय सुरेश कुमार साहलाई शनिबार प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय दोहमनाबाट खटिएको प्रहरीले को.२४ प ६८०८ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा उक्त लागुऔषध सहित फेला पारी मोटरसाइकल चालक साहलाई पक्राउ गरेको हो ।

नारायणगढ मुग्लिन सडकः

# चार महिनामा २४ पटक पहिरो, १०९ घण्टा अवरुद्ध

■ कृष्ण आचार्य

**भरतपुर–** पानी पर्नासाथ नारायणगढ-मुग्लिन सडकखण्डमा यात्रा गर्ने जो कोहीलाई पनि पहिरो खसेर जाम हुन्छकी चिन्ता हुन्छ । बर्सेनि पहिराले सास्ती दिने यो सडकमा यस वर्ष पनि दुई दर्जन पटक पहिरो खस्यो । एकैदिन घण्टौंसम्म सडक अवरुद्ध हुँदा सवारी चालक र यात्रुले निकै समस्या झेल्नुपर्‍यो ।

गतजेठ महिनायता मात्रै यो सडकखण्डमा २४ पटक पहिरो खसेको छ । यसबाट एक सय नौ घण्टा सडक अवरुद्ध भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी निरीक्षक धर्मबहादुर अधिकारीले जानकारी दिए । उनका अनुसार यस अवधिमा सो सडकखण्डमा साना-ठूला पहिरो खसेका छन् । पृथ्वी राजमार्गको चितवन खण्डा (मुग्लिन मौवाखोल) मा पर्ने घोप्टे भिरमा पनि दुई/तीन पटक पहिरो खसेको उनले बताए । ‘पहिरोका कारण कति रात सडकमा बिताएका छौं, प्रहरी निरीक्षक अधिकारीले भने, ‘पहिरो खस्नासाथ बाटो खुलाउने चिन्ता सुरु हुन्छ ।’ उनले सडकखण्डको भौगोलिक अवस्था र जनशक्तिको कमीका कारण पनि पहिरो गएपछि ट्राफिक व्यवस्थापनामा समस्या हुने गरेको बताए ।

‘जिल्लाभर ६० जना ट्राफिक प्रहरीको दरबन्दी हो, अधिकांश समय पहिराका कारण हुने ट्राफिक समस्या समाधानमै केन्द्रित गर्नुपरेको छ’, उनले भने । अधिकारीले नारायणगढ-मुग्लिन सडककै कारण जिल्लाको अन्य क्षेत्रमा



ट्रफिक व्यवस्थापन र जनचेतनाका काम गर्न नपाइएको गुनासो गरे । उनले सडकखण्डमा पहिरो नआउनका लागि दीर्घकालीनरूपमा समाधान खोजिनुपर्ने बताए । सडकखण्डअन्तर्गत गत वर्ष २० किलो र सेतीदोभानमा बढी पहिरो खसेको थियो तर यस वर्ष भरतपुर-२९ को केराबारीस्थित मौरी पुल र १८ किलोमा बढी पहिरो खस्यो ।

यसबाहेक अन्य ठाउँमा छिटफुटरूपमा पहिरो खस्ने गरेको छ । सडक विस्तारका क्रममा काटिएका भित्तो र ग्रामीण क्षेत्रमा जानका लागि खनिएका सडकका कारण १८ किलोमा निरन्तर पहिरो खसेको सडक डिभिजन कार्यालय भरतपुरका इन्जिनियर सागर कार्कीले बताए । उनले मौरी पुलमा भौगोलिक बनावट र शाखा बाटोकै कारण ठूलो पानी पर्नासाथ पहिरो खस्ने गरेको जानकारी दिए । मौरी खोलाले बगाएर ल्याएको ढुंगा-माटो जम्मा भएकाले पनि समस्या भएको उनको भनाइ छ । ‘खोलाको ढुंगा-माटो समयमै उठाउन सकिएको भए समस्या कम हुने थियो । दुई पुलमध्ये एउटा पुल पुरिएको छ । पानी आउनासाथ लेदो बगेर सडक पुरिहाल्छ’ उनले भने ।

नारायणगढ-मुग्लिन सडकखण्डको पहिरो पन्छाउनकै लागि २० किलोमा एउटा लोडर र जेसिभी, मौरी पुलमा चेन भएको स्काभेटर, मुग्लिनमा एउटा लोडर र फिस्लिङमा एउटा लोडर तयारी अवस्थामा राखिएको छ । जुगेडीदेखि मौवाखोलासम्मको सडकका लागि सडक डिभिजन कार्यालय भरतपुरले सबै स्रोतसाधन तयारी अवस्थामा राख्ने गरेको जनाएको छ ।

सडकखण्डमा पहिरो रोकथामका लागि भन्दै विभिन्न काम गरिए पनि प्रभावकारी बन्न सकेका छैनन् । इन्जिनियर कार्कीले कार्यालयको बजेट र क्षमताअनुसार पहिरो रोकथामका लागि काम गरिरहेको बताए । उनले यसको दीर्घकालीन समस्या समाधानका लागि विस्तृत अध्ययन र काम गर्नुपर्ने भन्दै त्यसका लागि धेरै बजेट आवश्यक पर्ने बताए । उनले सडकखण्डको अवस्था र गर्नुपर्ने कामका विषयमा सडक विभाग पनि जानकार रहेको बताए ।

पछिल्लो समय आइतबार पनि सो सडकखण्डमा पहिरो जाँदा केहीबेर सडक अवरुद्ध भएको थियो । यस वर्ष असोजको दोस्रो सातासम्म पनि पानी परिरहेको छ । यस वर्ष चाडवाडको समयमा पहिराले दुःख दिने होकी भन्ने चिन्ता थपिएको सवारी चालक रोशन गुरुङ बताउँछन् । नारायणगढदेखि काठमाडौंसम्म दैनिक माइक्रो चलाउने उनी पानी पर्नासाथ नारायणगढ-मुलिन सडकको जाममा परिन्छ कि भन्ने चिन्ता हुने गरेको बताए ।

सडकखण्डका दर्जन बढी पहिराको जोखिम ठाउँ रहेको नारायणगढ-मुग्लिन सडक आयोजनाले पहिचान गरिसकेको छ । राजधानी प्रवेश र बाहिरिने यो मुख्य सडकमा एक दिनमा १० हजार बढी सवारीसाधन आवागमन गर्ने गर्दछन् । सडक पुनःनिर्माणको काम सकिए पनि सडकमाथिका पहिरो जोखिम क्षेत्रको व्यवस्थापन हुन नसक्दा पहिरोको जोखिम कायमै रहेको हो ।

नेपाल भारत क्षेत्रीय व्यापार तथा यातायात परियोजनाअन्तर्गत नारायणगढ-मुग्लिन सडकको ३६ किलोमिटर सडक विश्व बैंकको सहयोगमा विस्तारको काम गरिएको थियो । सन् २०१५ को अप्रिलमा ठेक्का सम्झौता भई दुई अर्ब ९० करोड खर्च गरी तीन वर्ष लगाएर सडक विस्तार गरिएको हो । सोही क्रममा ३१ ठाउँका पहिरो नियन्त्रणका काम गरिएको थियो । अधिकांश ठाउँमा भित्तो काटिएको थियो । यसमध्ये सात ठाउँमा पहिरो रोक्ने काम गरिएको थियो । *रासस*

## सवारी दुर्घटनामा तीन जनाको मृत्यु

■ प्रभाव संवाददाता

**काठमाडौं–** चितवन, भरतपुर महानगरपालिका-२९ भतेरी जंगलस्थित सडकमा ना.८ ख ४५६२ नम्बरको टिपरले बागमती प्रदेश ०६-००१ प ८५५१ नम्बरको स्कुटरलाई आइतबार ठक्कर दिँदा स्कुटर चालक तनहुँ देवघाट गाउँपालिका-५ बस्ने ५२ वर्षीय बिक्रम तामाङको मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको पुरानो मेडिकल कलेज भरतपुरमा उपचारको क्रममा मृत्यु भएको हो । टिपर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

महोत्तरी, सोनमा गाउँपालिका-३ स्थित सडकमा बीआर ०६ डब्लु १७८९ नम्बरको मोटरसाइकल आफै अनियन्त्रित भई आइतवार दुर्घटना हुँदा मोटरसाइकल चालक सोही गाउँपालिका-३ खकना बस्ने २५ वर्षीय महोताज भन्ने अबदुल अंसारीको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको जानकी हेल्थ केयर जनकपुरमा उपचारको क्रममा मृत्यु भएको हो ।

कैलाली, गोदावरी नगरपालिका-४ गोदावरी धाम नजिकै सडकमा ग.१ ज ६८५५ नम्बरको जिपको ठक्करबाट पैदलयात्री सोही नगरपालिका-१ भरतपुर बस्ने ४५ वर्षीय सेकुराम चौधरीको सोमबार मृत्यु भएको छ ।

ठक्करबाट गम्भीर घाइते भएका उनको सेती प्रादेशीक अस्पताल धनगढीमा उपचारको क्रममा मृत्यु भएको हो । जिप चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### फरार प्रतिवादी पक्राउ

**बर्दिया (प्रस)–** कर्तव्य ज्यानसम्बन्धी कसूर मुद्दाका फरार प्रतिवादी गेरूवा गाउँपालिका-४ जोधिपुर बस्ने ३७ वर्षीय श्याम बिसी भन्ने टिकाराम बुढा क्षेत्रीलाई आइतबार प्रहरीले पक्राउ गरेको छ ।

कर्तव्य ज्यान सम्बन्धि कसूर मुद्दामा २०६२ साउन १६ गतेदेखि फरार रहेका उनलाई इलाका प्रहरी कार्यालय पाताभारबाट खटिएको प्रहरीले उनकै घरबाट पक्राउ गरेको हो ।

### भरूवा बन्दुक बरामद

**सिन्धुली (प्रस)–** हरिहरपुरगढी गाउँपालिका-७ धुम्बे जंगलस्थित काँसको झाडीमा बेवारिसे अवस्थामा रहेको १ थान भरुवा बन्दुक शनिबार प्रहरीले बरामद गरेको छ । इलाका प्रहरी कार्यालय कपिलाकोटबाट खटिएको प्रहरीले उक्त बन्दुक फेला पारी बरामद गरेको हो ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : B AND B CONTRACTING & GENERAL CLEANING

पूर्व स्वीकृति मिति : २०७९/०६/०९ | LT. No.272583 | चलानी नं.६०१९८८३६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 2 | 0 | 1000 | ३६,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Business Excecutive | 1 | 0 | 2500 | ९०,३५५ | | | | | | | |
| 3 | Carpenter | 2 | 0 | 1200 | ४३,४६५ | | | | | | | |
| 4 | General Cleaning Worker | 1 | 0 | 1000 | ३६,२२० | | | | | | | |
| 5 | Labour | 3 | 0 | 1000 | ३६,२२० | | | | | | | |
| 6 | Mason | 4 | 0 | 1200 | ४३,४६५ | | | | | | | |
| 7 | Store Keeper | 1 | 0 | 1900 | ६८,८२० | | | | | | | |
| 8 | Tile Maker | 1 | 0 | 1200 | ४३,४६५ | | | | | | | |
| 9 | Waiter | 1 | 0 | 1400 | ५०,७१० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ असोज १८ गते (4th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत न .७९७/०६५/०६६

**Saudi Nepal Recruitment Agency Pvt.Ltd.**

Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal
Tel.+977-01-4720350, 4720849, 5908112, Mobile: 9801106460, 9825583268, 9864496852
E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com

# प्रभाव दैनिक

मंगलबार, ११ असोज २०७९ (Tuesday, September 27, 2022)


रूपशाला

## 'सहारा' टेलिसिरियल बनाउँदै प्रज्ञा जोशी

प्रज्ञा जोशीको लगानीमा टेलिसिरियल 'सहारा' निर्माण हुने भएको छ । सोमबार घटस्थापनाको अवसर पारेर टेलिसिरियल सहाराको शुभमुहूर्तसँगै छायांकनसमेत थालिएको छ । सिरियलको लेखन तथा निर्देशनको जिम्मेवारी सरोज दाहालले सम्हालेका छन् । 'सहारा' एउटा पारिवारिक तथा सामाजिक कथा बोकेको टेलिसिरियल रहेको निर्माता जोशीले बताइन् । एउटी विधवा अपांगता भएपछि समाजमा भोग्नुपर्ने मानसिक र शारीरिक पीडा र सहाराको कथा बुनिएकको निर्देशक दाहालले बताए ।



# ऐना झ्यालको पुतली विदेशमा प्रदर्शन हुँदै




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालमा दर्शक र समीक्षकबाट उत्कृष्ट फिल्मको प्रतिक्रिया पाएको 'ऐना झ्यालको पुतली' हलमा चलिरहेको छ । तेस्रो हप्तामा पनि दर्शकको राम्रो साथ पाइरहेको फिल्मले अब चाँडै विदेशमा पनि यात्रा थाल्ने भएको छ ।

देशमा पाएको प्रतिक्रियाले डायस्पोरामा रहेका दर्शकलाई लोभ्याएपछि अहिले फिल्म विदेशमा डिमान्डेड भएको छ ।

नेपालीभाषीको बाहुल्य भएका धेरै देशले फिल्मको प्रदर्शनमा चासो देखाएको र यसका प्रदर्शन अधिकार बिक्ने क्रम जारी रहेको निर्माता आकाश पौडेलले जानकारी दिएका छन् । उनका अनुसार फिल्मको अस्ट्रेलिया र न्युजिल्यान्ड अधिकार भर्खरै बिक्री भएको छ भने जापानमा फिल्म केही समयअघि नै बिक्री भइसकेको छ ।

निर्माता पौडेलले अस्ट्रेलिया र न्युजिल्यान्डमा फिल्म प्रदर्शनको अधिकार जान्बी इन्टरटेनमेन्टले लिएको जानकारी गराएका छन् । दुई देशका लागि १५ लाख हाराहारीमा यसको प्रदर्शन अधिकार बिक्री भएको निर्माता पौडेलले जनाएका छन् ।

यसैगरी, फिल्म साउदी अरब, कोरिया र अमेरिकामा पनि प्रदर्शन हुने तयारीमा रहेको निर्माताले जानकारी गराएका छन् । भर्खरै नेपालबाट ९५औं संस्करणको एकेडेमी अवार्ड (अस्कर) का लागि नेपालबाट सिफारिस भएको फिल्मले नेपालको बक्स अफिसबाट एक करोड हाराहारी ग्रस गरेको छ ।

बुसानको मुख्य प्रतिस्पर्धामा नेपालबाट छनोट हुने पहिलो फिल्मको रेकर्ड बनाएको सुजित बिडारी निर्देशित फिल्मले बंगलादेश ढाकाको अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा उत्कृष्ट निर्देशकको अवार्ड जितेको थियो । त्योबाहेक फिल्म विदेशका थुप्रै फेस्टिभलमा पनि छानिएको थियो ।

तीन दशक पुरानो परिवेश र समाजलाई कलात्मक तवरले अभिव्यक्त गरेको भन्दै दर्शकबाट धाप पाइरहेको फिल्मलाई आकाश पौडेलसँगै प्रविन स्याङ्बो, रामकृष्ण पोखरेल र सुजित बिडारी मिलेर निर्माण गरेका हुन् । फिल्ममा सिरु विष्टबाहेक नयाँ कलाकारको अभिनय रहेको छ ।

# रविया र शैलेस बने 'नेक्स्ट सुपर मोडल'

■ प्रभाव संवाददाता

**काठमाडौं–** सौन्दर्य प्रतियोगिता 'नेक्स्ट सुपर मोडल २०२२' को उपाधि रविया नगरकोटी र शैलेस मगरले जितेका छन् । ट्यालेण्ट पिक कम्पनीद्वारा आयोजित प्रतियोगितामा उनीहरूले क्रमशः महिला र पुरुष गरि दुई भिन्न विधाको उपाधि हात पारेका हुन् ।

उनीहरूले पुरस्कार स्वरूप एक-एक लाख रूपैया बराबर सेवा सुविधा हात पारेका छन् । प्रतियोगितामा साक्षी बास्तोला र सञ्जय पुरी 'फस्ट रनर अप' हुँदै २५ हजार बराबर सुविधा जिते । त्यस्तै पुरुषतर्फको अन्य टाइटलअन्तर्गत आयुष मिश्र 'मस्ट पपुलर', श्याम गुरुङ 'पब्लिक च्वाईस', अर्विन नेपाल 'बेस्ट ड्रेस', सञ्जय पुरी 'बेस्ट वाक' र शैलेस मगर 'फोटोजेनिक' भए ।

महिलातर्फ रविया नगरकोटी 'मस्ट पपुलर', मलिना राना 'पब्लिक च्वाईस', साक्षी वास्तोला 'बेस्ट ड्रेस', रविया नगरकोटी 'बेस्ट वाक' र नम्रता शाही ठकुरी 'फोटोजेनिक' भए ।




रोजिन शाक्यको कोरियोग्राफी रहेको प्रतियोगितामा दीपक घिमिरे, सद्दाम हुसेन, महेश केसी, रेजिना तुलाधर, धिरज तण्डुकार, र दिक्पाल कार्की निर्णायक थिए । प्रतियोगिताको इभेण्ट डाईरेक्टरमा परमानन्द चौधरी र म्यानेजरमा स्वस्ती दंगाल थिए । प्रतियोगितामा फोटोग्राफी पार्टनरमा क्याप्चर क्रु, अफिसियल ड्रेस पार्टनरमा जिएसके भर्सटाइल, मेकअप पार्टनरमा मेकअप दरबार, वर्थ पार्टनरमा समसरा फिटनेस, नेपाल एअर होस्टेज एकेडेमी, क्याप्चर क्र्यु' र मेकअप दरबार रहेका थिए ।

# मिस टिन नेपालको उपाधि प्रतीक्षालाई

■ प्रभाव संवाददाता

**काठमाडौं–** मिस टिन नेपाल २०२२ को उपाधि काठमाडौंकी प्रतीक्षा डंगोलले जितेकी छिन् । राष्ट्रिय नाँचघर जमलमा आइतबार आयोजित ग्राण्ड फिनालेमा अन्य प्रतिस्पर्धीलाई पछि पार्दै डंगोलले मिस टिन नेपालको अठारौ संस्करणको ताज जितेकी हुन् ।

प्रतियोगितामा सुस्मिता अधिकारी फर्स्ट रनरअप र सुस्जिता पौडेल सेकेण्ड रनर अप भइन् । काठमाडौं जेसीजले आयोजना गरेको प्रतियोगितामा खल्ती पब्लिक च्वाइस अवार्ड परिका भण्डारीले जितिन् ।

हेल्दी बेस्ट स्किनको अवार्ड पूजा वली, नामी मिस इन्टेलेक्चुअलको अवार्ड विभूषा




बस्नेत र डी जिम मिस एथ्लेटको अवार्ड विसुका कोइरालाले जितिन् । त्यस्तै एनआइसी एसिया मिलनसार अवार्ड सुस्मिता अधिकारी, केटिएम रस बेस्ट वाक सुम्निमा पुरी र कुण्डलिनी ब्यांक्वेट मिस ट्यालेन्टको अवार्ड परिका भण्डारीले जितिन् ।

मिस टिनले क्राउनसहित नगद ३० हजार , फर्स्ट रनरअपले २० हजार र सेकेण्ड रनरअपले १० हजार प्राप्त गरे । उनीहरूले विभिन्न सामाजिक कार्य र परियोजनामा काम गर्ने अवसर समेत प्राप्त गर्ने आयोजक काठमाडौं जेसीजका अध्यक्ष अनुप सुनुवारले बताए । प्रतियोगिताले किशोरीहरूको सामाजिक सांस्कृतिक वृत्तिविकासमा मद्दत गरेको उनको भनाई छ ।



# नेपाल-बंगलादेश आज भिड्दै



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली राष्ट्रिय पुरुष फुटबल टोलीले आज -मंगलबार) बंगलादेशसँग अन्तर ाष्ट्रिय मैत्रीपूर्ण खेल खेल्दैछ । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा हुने खेल साँझ ५:३० बजे हुने अखिल नेपाल फुटबल सङ्घ (एन्फा) ले जनाएको छ । विभिन्न प्रतियोगितामा नेपाल र बंगलादेश हालसम्म २६ पटक आमने सामने भएका छन् । जसमध्ये आधाभन्दा बढि खेलमा बंगलादेश विजयी भएको छ ।

नेपाल र बंगलादेशको पछिल्लो भेट भने सन् २०२१ मा माल्दिभ्समा भएको साफ च्याम्पियनसिपमा भएको थियो । त्यतिबेला नेपाल र बंगलादेशलले १-१ गोलको बराबरी खेलेका थिए । उक्त प्रतियोगिताको लागि एन्फाले भिआइपितर्फ रु एक हजार र साधारण प्याराफिटतर्फ रु पाँच सय मूल्य तोकेको छ । त्यसैगरी एन्फाले यस खेलका लागि भिआइपीतर्फको ८० वटा सिट रु पाँच हजारको दरले मूल्य तोकेको छ ।

फुटबल खेललाई सहयोग गर्ने चाहने व्यक्तिका कदर र सहजै टिकट उपलब्ध गर्नको लागि रु पाँच हजार मूल्य राख्ने निर्णय गरेको एन्फाले जनाएको छ । टिकट भने अनलाइन नभइ भौतिक रूपमा नै बिक्री हुनेछ । नेपाली टोलीमा कप्तान किरण चेम्जोङसहित विशाल श्रेष्ठ, दीपक कार्की, विकास कुथु, रोहित चन्द, अनन्त तामाङ, विकास तामाङ, दिनेश राजबंशी, विकास खवास, सुमन अर्याल, रेजिन धिमाल, सुदीप गुरुङ, तेज तामाङ र सेसेहाङ आङदेम्बे छन् । त्यसैगरी विशाल राई, सुजल श्रेष्ठ, सुरज ज्युठकुरी, एरिक विष्ट, विमल घर्तीमगर, अन्जन विष्ट, हृतिक खड्का, मनिस डाँगी र आषिश चौधरी छन् ।

**नेपालको कप्तानी किरणले गर्ने**

बंगलादेशविरुद्धको मैत्रीपूर्ण खेलमा नेपालको कप्तानी किरण लिम्बुले नै गर्ने भएका छन् । बंगलादेशविरुद्धको खेल अघि आयोजित प्रि-म्याच कन्फरेन्समा नेपालको कप्तानी किरणले गर्ने जानकारी दिईएको छ ।

बंगलादेशविरुद्धको खेल अघि सोमबार आयोजित प्रि-म्याच कन्फरेन्समा कप्तानको रूपमा किरण उपस्थित थिए । यस अघि कुवेतमा भएको एएफसी एसियन कप छनोटको तेस्रो चरणमा नेपालको कप्तानी नवयुग श्रेस्त:ले गरेका थिए । तत्कालिन मुख्य प्रशिक्षक अब्दुल्लाह अलमुताईरीसँगको विवादको कारण किरण टोलीमा थिएनन् । किरण बंगलादेशविरुद्धको खेलबाट टोलीमा फर्किएका हुन् ।

**टीभीमा प्रत्यक्ष प्रशारण हुने**

नेपाल र बंगलादेशबीचको मैत्रीपूर्ण खेलको प्रत्यक्ष प्रशारण एक्सन स्पोर्ट्स एच डीले गर्ने भएको छ । एक्सन स्पोर्ट्सले सोमबार नेपाल र बंगलादेशबीचको मैत्रीपूर्ण प्रत्यक्ष प्रशारण गरिने जनाएको छ । नेपालले फिफा इन्टरनेसनल विन्डो अन्तर्गत बंगलादेशविरुद्ध मैत्रीपूर्ण खेल खेल्न लागेको हो ।

## आइबाको अध्यक्षमा फेरि उमर

**काठमाडौं (प्रस)–** अन्तराष्ट्रिय बक्सिङ महासंघ (आइबा) को अध्यक्षमा पुन: उमर क्रेमलेभ निर्वाचित भएका छन् । अर्मेनियाको राजधानी येरेभानमा भएको चुनावी साधारणसभाबाट उमर दोस्रो कार्यकालको लागि निर्वाचित भएका हुन् । यसअघि उमर टर्कीको राजधानी इस्तानबुलमा भएको कंग्रेसबाट निर्विरोध निर्वाचित भएका थिए ।

तर, अध्यक्ष उमरविरुद्ध हल्याण्डका अध्यक्ष पदको प्रत्यासी वोरिश मान डि भोसेले खेलकुदको सर्वोच्च न्यायिक निकाय कोर्ट अफ आर्बिट्रेसन अफ स्पोर्टस (कास) मा हालेको उजुरी उपर वोरिसलाई पनि सहभागीता गराएर निर्वाचन गर्नु भन्ने फैसला भएपछि अध्यक्ष पदको लागि पुन: विशेष साधारणसभा भएको हो ।

साधारणसभामा अध्यक्ष पदको लागि निर्वाचन प्रकियामा जानु पर्छ कि पर्दैन भनी गरिएको भोटिङमा भौतिक रूपमा उपस्थिती जनाएका ९९ सदस्य राष्ट्र एवं भिडियो जुमबाट जोडिएका ५६ सदस्य राष्ट्र गरि कुल १५५ राष्ट्रका मतदाताबाट गरिएको मतदानमा १०६ सदस्य राष्ट्रले फेरि चुनाव गर्नु पर्दैन भन्ने पक्षमा, ३८ राष्ट्रले फेरि मतदान गर्नुपर्छ भन्ने विपक्षमा र ४ वटा राष्ट्र न्युट्रल बस्दा ७ वटा राष्ट्रको मत वदर भएको थियो । यसरी दोस्रो पटक भएको साधारणसभाबाट पनि यस अघि सम्पन्न निर्वाचनलाई नै समर्थन गर्ने गरि उपस्थित मतदाता मध्ये करिब ७५% सहभागी सदस्यहरूबाट उमरलाई विश्वासको मत दिएका थिए ।

साधारणसभामा नेपाल बक्सिङ संघका अध्यक्ष राम अवाले तथा केन्द्रीय सदस्य मान बहादुर भण्डारी अर्मेनिया गएका थिए ।

ओहायो नेपाली फुटबल

# चुके एफसी र कोलम्बस स्टार विजयी

■ प्रभाव संवाददाता

**काठमाडौं–** अमेरिकास्थित नेपाली भाषी समुदायको सर्वाधिक राशि पुरस्कार रहेको फुटबल प्रतियोगितामा युवातर्फ चुके फुटबल क्लब विजयी भएको छ ।

त्यसैगरी सो प्रतियोगिताको महिलातर्फ कोलम्बस स्टार फुटबल टिम र भेट्रानतर्फ सिन्सी इन्ट्रा फुटबल क्लब विजयी भएका छन् । इन्ट्रा नेशनल वेलफेयर एण्ड सपोर्ट फाउण्डेसन अफ अमेरिकोको आयोजनामा गत शुक्रबारदेखि सुरु भएको सो खेल अमेरिकी समयअनुसार आइतबार राति सकिएको हो ।

उक्त खेलमा सिन्सिनाटीका नेपाली भाषी युवाको टिम चुकेले आफ्नो प्रतिस्पर्धी पेन्सिलभेनिया राज्यको ह्यारियवर्ग सहरका नेपालीभाषी युवाको टिम एफसी युनाइटेडलाई १-० ले हराउँदै जीत हात पारेको थियो । अमेरिकी समयानुसार आइतबार अपराह्न भएको अत्यन्त कडा प्रतिस्पर्धात्मक खेलमा चुकेका जर्सी नं ७ का रोशान्डोले एक गोल गरेका थिए । उनले हाफ टाइमअघि पाएको कर्नर किकको सदुपयोग गरी बल गोलपोस्टमा छिराएका थिए ।

सयौँ दर्शकले भरिएको सिन्सिनाटीको मायामी ह्वाइटवाटर सकर कम्प्लेक्स खेल मैदानमा भएको सो खेलमा विजयी चुके क्लबले १५ हजार अमेरिकी डलर प्राप्त गरेको छ । त्यसैगरी उपविजेता युनाइटेड एफसीले आठ हजार अमेरिकी डलर पुरस्कार पाएको सो प्रतियोगिताका संयोजक राजन चुहानले जानकारी दिए ।

फाउण्डेसनका अध्यक्ष डिल्ली अधिकारीले विजयी टिमलाई ट्रफी तथा नगद पुरस्कार वितरण गरेका थिए । उनले अमेरिकामा भएका नेपाली भाषी भूटानी तथा सबै नेपाली भाषी समुदायलाई खेलका माध्यमबाट आफ्ना सन्ततिलाई अनुशासित बनाउन तथा अमेरिकामा प्रतिस्पर्धी बनाउन सहयोग पुगोस् भन्ने उद्देश्यले यो प्रतियोगिताको आयोजना गरेको बताए ।



महिलातर्फ विजयी कोलम्बस स्टारले सात हजार पाँच सय डलर पाएको छ । त्यसैगरी भेट्रान विजेताले आठ हजार अमेरिकी डलर जितेको छ । महिलातर्फ १-० गोल अन्तरले पराजित भई उपविजेता बनेको नर्थ डकोटा साइनिङ स्टार फुटबल क्लबले पाँच हजार अमेरिकी डलर पाएको छ ।

त्यसैगरी भेट्रान्सतर्फका उपविजेता इन्ट्रा भेट्रान्स कोलम्बस क्लबले पाँच हजार र तेस्रो हुने हिलसिटी भेट्रान्स क्लबले दुई हजार पाँच सय अमेरिकी डलर पुरस्कार प्राप्त गरेको छ । भेट्रान्स खेलमा प्रथम भएको सिन्सी इन्ट्राले ६ गोल अन्तरले जितेको थियो । सो खेलमा कर्ण पौडेलले तीन गोल गरेका थिए ।

प्रतियोगितामा अमेरिकाका पेन्सिलभेनिया, मिनिसोटा, ओहायो, नर्थ क्यारोलिना, म्यासाचुसेट्स, केन्टकी, न्यूयोर्क, क्यालिफोर्निया, नर्थ डकोटा, जर्जियालगायतका विभिन्न राज्य तथा क्यानडाका नेपालीभाषी खेलाडी सहभागी भएको आयोजक संस्थाका प्रवक्ता केशव आचार्यले बताए ।

प्रभाव दैनिक National Daily


# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ९१,८०० | प्रति तोला – ९१,३०० | प्रति तोला – ११६० |



**जुम्ली स्याउ** सुर्खेतको वीरेन्द्रनगरमा बिक्रीका लागि राखिएको जुम्ली स्याउ । पछिल्लो समय सडक यातायातको सहजताले गर्दा जुम्लाको स्याउले बजार पाएको छ । *तस्बिरः सुरेश आचार्य/रासस*

# कर्णालीमा पेट्रोलियम भण्डारण गृह निर्माणमा ढिलाइ

■ प्रभाव संवाददाता

**सुर्खेत–** कर्णाली प्रदेशमा पेट्रोलियम पदार्थको भण्डारन क्षमता बढाउने योजनाले गति लिन सकेको छैन । बजेट अभाव, जग्गा पहिचान एवं प्राप्ति प्रक्रियामा ढिलाइ हुँदा सुर्खेतमा पेट्रोलियम पदार्थको भण्डारणगृह निर्माण योजना अघि बढ्न नसकेको हो ।

सङ्घीय सरकारले पछिल्ला वर्षका नीति तथा कार्यक्रम र बजेटमा समावेश गरे पनि यस योजनाले मूर्तरूप लिन सकेको छैन । नेपाल आयल निगमको सुर्खेतमा प्रादेशिक कार्यालय भए पनि भण्डारन डिपो छैन् । जसले गर्दा निगमले नेपालगञ्जबाट ट्याङ्करमा इन्धन आपूर्ति गर्दै पम्पलाई सिधै वितरण गर्ने गर्दछ ।

निगमका प्रादेशिक कार्यालय प्रमुख राजकुमार केसीले कर्णाली प्रदेशमा भण्डारन डिपोको अति आवश्यकता रहेको बताए । 'अन्य सबै प्रदेशमा भण्डारन डिपो छन्, तर कर्णालीमा छैन', उनले भने, 'यहाँ डिपो नहुँदा पटक-पटक पेट्रोलियम पदार्थको अभाव हुने गरेको छ ।' हाल वीरेन्द्रनगरस्थित निगमको नाममा रहेको १८ क√ा क्षेत्रफलमा कार्यालयका साथै हवाई इन्धन र मट्टितेलको मात्र भण्डारन हुने गरेको छ । हवाई इन्धन ६० हजार लिटर र मट्टितेल ४५ हजार लिटर भण्डारन क्षमता रहेको छ । कार्यालय प्रमुख केसीले भने, 'निगम परिसरमा रहेको जग्गामा भण्डारन ट्याङ्की बनाउन ठाउँ पुग्दैन, दीर्घकालीन समाधानका लागि नयाँ स्थानमा जग्गा खोजेर निर्माण गर्नुपर्ने हुन्छ ।'

निगमको प्राविधिक टोलीले वीरेन्द्रनगर-१ र भेरीगंगा नगरपालिका-१२ स्थित सामुदायिक वनको क्षेत्राधिकारमा रहेको जग्गामा प्रारम्भिक अध्ययन गरेको थियो । प्राविधिक टोली भेरीगंगा-१२ को जग्गालाई छनोट गर्ने टुंगोमा पुगेको बताएको छ । त्यहाँ १० बिघा जग्गा छ । निगमले यस वर्ष जग्गा प्राप्ति र विस्तृत सम्भाव्यता अध्ययनको काम सम्पन्न गर्ने लक्ष्य लिएको छ ।

सुर्खेतमा भण्डारण सुविधासहितको डिपो बनेपछि प्रदेशको दैनिक माग धान्नका लागि नेपालगञ्जमा भर पर्नुपर्ने अवस्था अन्त्य हुने बताइएको छ । निगमका अनुसार कर्णाली प्रदेशमा दैनिक एक लाख लिटर डिजेल र ३० हजार लिटर पेट्रोल खपत हुने गर्दछ । भण्डारन गृह बनेपछि डिजेल चार दिन र पेट्रोल सात दिनसम्मको माग धान्नेछ ।

सुर्खेत उद्योग वाणिज्य सङ्घका अध्यक्ष लक्ष्मण कँडेलले भण्डारन डिपो निर्माणमा ढिलाइ हुँदा कर्णालीबासीले पटक-पटक पेट्रोलियम पदार्थको अभाव झेल्नुपरेको बताए । 'हामीले निगमलाई धेरैपटक अनुरोध गर्‍यौं, बजेटमात्र छुट्याउने होइन, काम पनि अघि बढ्नुपर्‍यो भन्दै आएका छौं', उनले भने, 'प्रदेशमा एउटा भण्डारण डिपो नहुनु दुःखद् हो, अहिलेजस्तो नेपालगञ्जबाट एक दिन मात्रै ढुवानी नहुँदा यहाँ इन्धन अभाव हुने अवस्थाको छिटो अन्त्य हुनुपर्छ ।'

सुर्खेतको वीरेन्द्रनगरमा मात्रै सात वटा पम्प सञ्चालनमा छन् । ती सबै पम्पले नेपालगञ्जबाट इन्धन ढुवानी गर्नुपर्ने बाध्यता छ । जसले गर्दा मूल्य पनि महँगो पर्ने पम्प सञ्चालक बताउँछन् ।

# दुई महिनामा ११६ भन्दा बढी मुलुकसँग वैदेशिक व्यापार

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्ष २०७९/८० को पहिलो दुई महिनामा नेपालले विश्वका १२१ भन्दा बढी देशसँग वैदेशिक व्यापार गरेको छ ।

भन्सार विभागले सार्वजनिक गरेको नयाँ तथ्याङ्कअनुसार सो अवधिमा वैदेशिक व्यापार भएकामध्ये ११६ देशसँग घाटा रहेको छ । मात्र २१ देशसँग नेपालको वैदेशिक व्यापार नाफामा रहेको विभागले जनाएको छ । गत साउन र भदौ महिनामा नेपालले २ खर्ब ७३ अर्ब ५९ करोड ९६ लाख ५२ हजार रूपैयाँको वस्तु आयात र २८ अर्ब ६८ करोड ४ लाख ३७ हजार रूपैयाँको वस्तु निर्यात गरेको छ । बितेका दुई महिनामा नेपालको वैदेशिक व्यापार घाटा २ खर्ब ४४ अर्ब ९१ करोड ९२ लाख १५ हजार रूपैयाँ रहेको छ ।

विभागका अनुसार नेपालको वैदेशिक व्यापार घाटा रहेका देशमा भारत, चीन, इन्डोनेसिया, अर्जेन्टिना, जोर्डन, युनाईटेड अबर इमिरेट्स, बेल्जियम, ओमान, अष्ट्रेलिया, भियतनाम, थाइल्याण्ड, मलेसिया, फ्रान्स, बंगलादेश, युक्रेन, दक्षिण कोरिया, साउदी अरेबिया, सिंगापुर, ब्राजिल र टर्की रहेका छन् ।

यस्तै, स्वीट्जरल्याण्ड, कतार, क्यानडा, ताइवान, दक्षिण अफ्रिका, पोल्याड, जर्मनी, पराग्वे, इटाली, भुटान, अमेरिका, इजरायल, नेदरल्याण्ड्स, न्युजल्याण्ड, जापान, तान्जानिया, फिलिपिन्स, मेक्सिको, लिथुवानिया, मोजाम्बीक, आयरल्याण्ड, रुस, पाकिस्तान, इथियोपिया, नाइजेरिया, कुवेत, चिली, चेक रिपब्लिक, स्पेन, ग्वाटेमाला, म्यानमार, इजिप्ट, ग्रिस, बहराइन र स्वाजील्याण्डसँग पनि नेपालको व्यापार घाटा रहेको छ ।




भेनेजुयला, फिनल्याण्ड, गाबोन, युगाण्डा, मादागास्कर, बुल्गेरिया, सर्बिया, केन्या, श्रीलंका, हंगेरी, डोमेनिकन रिपब्लिक, रोमानिया, कोस्टारिका, पेरु, कजाकास्तान, स्लोभाकिया, मंगोलिया, पपुवा न्युगिनी, मोरक्को, यमन, इरान, नामिबिया, ग्रेनाडा, सर्बिया, ट्युनिसिया, सियरा लियोन, बेलारुस, सुरीनेम, जर्जिया, साइप्रस, माल्टा, जमैका, माल र ब्रुनाईसँग पनि नेपालको व्यापार घाटा रहेको विभागको तथ्याङ्कले देखाउँछ ।

विभागका अनुसार नेपालको व्यापार नाफा रहेका देशमा बोलिभिया, इराक, एंगोला, सुडान, लाट्भीया, मोनाको, क्रोयसिया, लेबनान, इस्टोनिया, मौरिसस्, आइसल्याण्ड, पोर्चुगल, स्लोभेनिया, न्यु कलेडोनिया, स्वीडेन, बेलायत, उरुग्वे, अष्ट्रिया, नर्वे र कम्बोडिया रहेका छन् ।

## पौने १८ अर्बको तेलहन आयात

चालु आर्थिक वर्ष २०७९/८० को सुरुवाती दुई महिनामा नेपालले विभिन्न देशबाट पौने १८ अर्ब रूपैयाँको कच्चा भटमास, सनफ्लावर र पाम तेल नेपाल भित्रिएको छ ।

भन्सार विभागका अनुसार २०७९ सालको साउन र भदौ महिनामा उक्त मूल्य बराबरको कच्चा भटमास, सनफ्लावर र पाम तेल नेपालले आयात गरेको हो । उक्त अवधिमा कुल १७ अर्ब ७० करोड ५८ लाख ४८ हजार रूपैयाँको कच्चा भटमास, सनफ्लावर र पाम तेल नेपाल भित्रिएको विभागले जनाएको छ । उक्त मूल्यमा ८ करोड ६८ लाख ६८ हजार ११८ लीटर कच्चा भटमास, सनफ्लावर र पाम तेल नेपालले आयात गरेको छ ।

## ६ अर्बभन्दा बढीको मोबाइल फोन भित्रियो

पछिल्लो दुई महिनामा विभिन्न देशबाट नेपालमा ६ अर्ब रूपैयाँभन्दा बढीको मोबाइल फोन सेट भित्रिएको छ । भन्सार विभागका अनुसार चालु आर्थिक वर्ष २०७९/८० को पहिलो दुई महिना (साउन र भदौ) मा उक्त रकम बराबरको मोबाइल फोन सेट नेपाल भित्रिएका हुन् ।

उक्त समयमा ६ अर्ब १८ करोड ८ लाख ९६ हजार रूपैयाँको मोबाइल फोन नेपालले आयात गरेको विभागले जनाएको छ । उक्त मूल्यमा ४ लाख ३८ हजार ९८५ थान मोबाइल सेट नेपाल भित्रिएको छ । नेपालमा सबैभन्दा बढी मोबाइल चीनबाट आउने गरेको छ । पछिल्लो दुई महिनामा चीनबाट मात्र नेपालमा ४ अर्ब ६७ करोड ४४ लाख ३२ हजार रूपैयाँको मोबाइल सेट भित्रिएको छ ।

## ४१ अर्बभन्दा बढीको पेट्रोलियम आयात

चालु आर्थिक वर्ष २०७९/८० को सुरुवाती दुई महिनामा भारतबाट नेपालमा ४१ अर्ब रूपैयाँभन्दा बढीको डिजेल, पेट्रोल र एलपी ग्यास भित्रिएको छ । भन्सार विभागका अनुसार २०७९ साउन र भदौ महिनामा उक्त मूल्य बराबरको डिजेल, पेट्रोल र एलपी ग्यास नेपालले आयात गरेको हो । सो अवधिमा कुल ४१ अर्ब ३ करोड १३ लाख २७ हजार रूपैयाँको डिजेल, पेट्रोल र एलपी ग्यास नेपाल भित्रिएको छ ।

बितेका दुई महिनामा भारतबाट १८ अर्ब ४२ करोड १५ लाख २४ हजार रूपैयाँको डिजेल, १२ अर्ब १८ करोड ९४ लाख ६२ हजार रूपैयाँको पेट्रोल र १० अर्ब ४२ करोड ३ लाख ४१ हजार रूपैयाँको एलपी ग्यास नेपाल आएको छ । गत आर्थिक वर्ष २०७८/७९ को पहिलो दुई महिना (साउन र भदौ)मा भारतबाट नेपालले ३० अर्ब ५० करोड ७७ लाख ८९ हजार रूपैयाँको डिजेल, पेट्रोल र एलपी ग्यास आयात गरेको थियो ।

## खसीबोका महँगियो

**ताप्लेजुङ (प्रस)–** दसैं तिहारजस्ता चाडपर्व नजिकिएसँगै ताप्लेजुङमा खसीबोकाको मूल्य महँगिएको छ । टिप्ताला नाका बन्दका कारण चीनबाट च्यांग्रा आयात बन्द भएकाले सदरमुकाम फुङ्लिङमा खसीबोकाको मूल्य महँगिएको हो ।

दसैंको मौका छोपेर हाट बजारमा नियमित खरिद/बिक्री हुने मूल्यको तुलनामा व्यवसायीले खसीबोकाको मूल्य एक्कासी बढाएका हुन् । चाडपर्वका समयमा मासुको खपत साथै माग पनि बढ्ने हुँदा खसीबोकाको मूल्य बढ्ने गरेको स्थानीयले बताएका छन् । उपभोक्ताका अनुसार हाट बजारमा रु १० हजार पर्ने एउटा खसीको मूल्य अहिले महँगिएर रु १४/१५ हजार मूल्य पुगेको छ । फुङ्लिङ बजारका स्थानीय डिल्ली पौडेलले निकै महँगो मूल्य तिरेर आफूलाई आवश्यक खसी खरिद गरेको बताए ।

नियमित बजारमा १० किलोग्रामको खसीबोकालाई रु आठ हजार पर्ने गरेकामा चाडपर्वको समयमा भने रु १२ हजार भन्दाबढी परेको फुङ्लिङ नगरपालिका-७ का स्थानीय कमल भट्टराईले बताए । भट्टराईका अनुसार चाडपर्वको मौका छोपेर स्थानीय किसान तथा व्यवसायीले आफूखुसी खसीबोकाको मूल्य बढाउने गरेका छन् ।


नेपालको संविधानको विशेषता

- सार्वभौमसत्ता सम्पन्न नेपाली जनताबाट जारी भएको संविधान
- नेपाली जनतामा निहीत सार्वभौमसत्ता एवं राजकीय सत्ता
- संघीय लोकतान्त्रिक गणतान्त्रात्मक शासन व्यवस्था,
- धर्म निरपेक्ष राज्यव्यवस्था,
- मानव अधिकार र विधिको शासनको प्रत्याभूति,
- लोकतान्त्रिक मूल्यमान्यतामा आधारित संविधान,
- समावेशीकरणको सिद्धान्तलाई आत्मसात गरिएको,
- प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणाली,
- संघ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकारको व्यवस्था,
- समाजवाद उन्मुख अर्थतन्त्र ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
नेपाल सरकार
विज्ञापन बोर्ड








अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक



प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ